**धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं**

एकअर्काको धर्मसंस्कृति, रीतिरिवाज, रहनसहन र चाडपर्वको सम्मान गरौं। एकापसमा भेदभाव नगरौं, धार्मिक-सांस्कृतिक सहिष्णुता कायम राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 October 31 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ६८

## अज्ञात समूहद्वारा निजी विद्यालयका सञ्चालकको गोली प्रहार गरी हत्या

प्रस, निजगढ, १३ कात्तिक/

बाराको सदरमुकाम कलैयामा सोमवार दिउँसो १ बजे गोली प्रहारबाट पसलबाट मिठाइ किनी आफ्नो ना.५३प ९१२८ नम्बरको मोटरसाइकलमा फर्कने क्रममा दुईवटा मोटरसाइकलमा आएका सर्राफको शव नारायणी अस्पताल, वीरगंज लगिएको छ।

समाचार स्रोत अनुसार सोही सिंहलाई अज्ञात समूहले गोली हानी हत्या गरेको थियो।

बारा जिल्लामा साउनदेखि हालसम्म



घटनास्थल सिल गर्दै नेपाल प्रहरी, घाइते सर्राफको उपचार गर्दै र फेला परेको गोलीको खोका। तस्वीरः प्रतीक

गम्भीर घाइते भएका बोर्डिङ स्कूलका सञ्चालकको उपचारको क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय, बाराले



कलैयामा प्रदर्शन गर्दै स्थानीय। तस्वीरः प्रतीक

जनाएको छ।

मृत्यु हुनेमा कलैया उपमहानगरपालिका-६ स्थित बाल एकता बोर्डिङ स्कूलका सञ्चालक गुड्डु भनिने सोही वडा घर भएका अन्दाजी ३५ वर्षीय रूपेश सर्राफ रहेको बारा प्रहरीले जनाएको छ। कलैयास्थित एक मिठाइ चारजनाको समूहमा आएका अज्ञात व्यक्तिले सर्राफको टाउको, छाती र घाँटीमा गोली प्रहार गर्दा उनी गम्भीर घाइते भएका थिए। घाइते सर्राफलाई तत्कालै उपचारका लागि कलैया प्रादेशिक अस्पतालमा लगिए पनि त्यहाँ उपचार हुन नसकेपछि वीरगंजस्थित मेडिसिटी वयोधा अस्पतालमा उपचारको क्रममा दिउँसो करीब ३:१५ बजे मृत्यु भएको बारा प्रहरीले जनाएको छ।

गोली हान्ने व्यक्तिहरू पूर्वतिर भागेका स्थानीयले बताएका छन्। मदर्साटोलमा रहेको सो विद्यालयसँगैको सडकमा पाँच राउन्ड गोली चलाउँदा सर्राफको शरीरमा तीनवटा गोली लागेको र सबै गोली शरीरभित्रै थिए। अत्यधिक रक्तस्रावको कारण उनको मृत्यु भएको अस्पतालले जनाएको छ।

घटनाबारे अनुसन्धान भइरहेको बाराका प्रजिअ नवराज सापकोटाले बताए। उनले हत्या गर्ने सार्पशूटर रहेका सञ्चारकर्मीलाई जानकारी गराएका थिए। अहिले सीमा क्षेत्र सिल गरी उनीहरूको खोजी भइरहेको र कलैया उपमनपाभित्र शङ्कास्पद व्यक्तिलाई पनि नियन्त्रणमा लिइएको स्रोतले बताएको छ।

शल्यपरीक्षणाको लागि मृतक

विद्यालयकी शिक्षिकासहित थप एकजना पुरुषलाई प्रहरीले पक्राउ गरेको बुझिएको छ। हामीलाई प्राप्त जानकारी अनुसार सोही विद्यालयमा अध्यापन गराउँदै गरेकी शिक्षिकाको भारतीय नागरिकसँग प्रेमप्रसङ्ग रहेको र ती भारतीय नागरिक दैनिक रक्सी खाएर विद्यालयमा आउने गरेपछि विद्यालय सञ्चालक सर्राफले विद्यालयमा आउन रोक लगाएका थिए। ती शिक्षिकालाई पनि विद्यालयबाट निष्कासन गर्ने तयारीमा सञ्चालक सर्राफ रहेको बताइएको छ। तर प्रहरीले अहिलेसम्म आधिकारिक पुष्टि गरेको छैन। यो कुरा बजारमा फैलिएपछि महिलालाई पक्राउ गर्नुपर्ने मागसहित स्थानीयवासीले भरतचोकमा टायर बालेर प्रदर्शन गरेका थिए।

केही दिनदेखि बारा जिल्लामा आपराधिक घटनाहरू बढ्दै गएका देखिन्छन्। जिल्लाको पचरौता नगरपालिका-१ का अन्दाजी ३२ वर्षीय अमरेशकुमार सिंहलाई असोज ८ गते नेपाल-भारत सिमानाका क्षेत्रमा राति करीब १:३० बजे अज्ञात समूहले गोली हानी हत्या गरेको थियो। सोको भोलिपल्ट असोज ९ गते पचरौता नगरपालिका-६ स्थित पोखरीनजीकै मोतिहारी दरपा थाना सुखवलिया गाउँ निवासी अजितकुमार

विभिन्न आपराधिक गतिविधिका कारण ११ जनाको हत्या भएको जानकारी प्राप्त भएको छ। केही समयअगाडि कलैया बजारभित्रै छोराले आमालाई धारिलो हतियार प्रहार गरी हत्या गरेको थियो।

यसैगरी, सुरक्षाको दृष्टिले बारा जिल्लावासी अतालिहाल्नुपर्ने अवस्था नरहेको प्रजिअ सापकोटाले प्रतिक्रिया दिएका छन्। आपराधिक मानसिकता भएका व्यक्तिहरूको समूहले योजनाबद्धरूपमा व्यक्तिलाई पछ्याउँदै घटना घटाएको घटनाक्रमले देखाएकाले यस घटनामा संलग्न दोषीहरूलाई यथाशीघ्र कानूनी दायरामा ल्याइ कारबाई अघि बढाउने उनले प्रतिबद्धता व्यक्त गरेका छन्।

### मङ्गलवार पर्सा र बाराका निजी विद्यालय बन्द रहने

सोमवार दिउँसो अज्ञात समूहको गोली प्रहारबाट रूपेश सर्राफको दुःखद निधन भएपछि बारा र पर्साका सम्पूर्ण निजी विद्यालय मङ्गलवार बन्द रहने जानकारी प्राप्त भएको छ।

राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिएशन, बाराका अध्यक्ष प्रभुलालप्रसाद कुशवाहाले प्रेस विज्ञप्ति जारी गर्दै मृतक सर्राफप्रति श्रद्धाञ्जलिस्वरूप मङ्गलवार एक दिन विद्यालय बन्द रहने जनाएका छन्।

पर्साका निजी विद्यालयहरूले पनि छुट्टाछुट्टै विज्ञप्ति निकालेर मङ्गलवार विद्यालय बन्द गर्ने र दोषीलाई कारबाईको माग गर्ने माग गरेका छन्। एन प्याब्सन, बाराका वरिष्ठ उपाध्यक्ष मृतक सर्राफ कलैयास्थित बाल एकता बोर्डिङका सञ्चालक थिए।

## वडाध्यक्षहरूद्वारा प्रजिअलाई तीन दिने अल्टिमेटम

प्रस, वीरगंज, १३ कात्तिक/

वीरगंज महानगरपालिकाका ३२ वटै वडाका अध्यक्षमध्ये २७ जना वडाध्यक्षले संयुक्तरूपमा प्रमुख जिल्ला अधिकारीलाई ज्ञापनपत्र बुझाएका छन्।

कात्तिक ५ गते राति वडा नं ७ का बाँधेर विरोध गर्ने, त्यसपछि १० देखि ५ बजेसम्म वडा कार्यालय बन्द गर्ने, छैटौं दिन सबै सेवा ठप्प पार्ने, सातौं दिन घण्टाघरमा शान्तिपूर्ण विरोध प्रदर्शन गर्ने ज्ञापनपत्रमा उल्लेख छन्।

ज्ञापनपत्र बुझ्दै प्रजिअ हीरालाल



प्रजिअलाई ज्ञापनपत्र बुझाउँदै वडाध्यक्षहरूको टोली। तस्वीरः प्रतीक

वडाध्यक्ष हीराकाजी महर्जनलाई रेलवे सडकस्थित दुर्गापूजा पण्डालमा कुटपिट गर्ने प्रहरीमाथि कारबाईको माग गर्दै वडाध्यक्षहरूले प्रजिअलाई ज्ञापनपत्र बुझाएका हुन्।

ज्ञापनपत्रमा तीन दिनभित्र दोषीलाई कारबाई नगरिए साताव्यापी आन्दोलनको घोषणा गरेका छन्। प्रजिअको निर्देशन अनुसार तीन दिनसम्म प्रहरी कारबाईको प्रतीक्षा गर्ने र चौथो दिनदेखि महानगरका सम्पूर्ण वडाध्यक्षले हातमा कालोपट्टि रेग्मीले घटनाबारे वार्ता गर्ने वा कारबाई प्रक्रिया अगाडि बढाउने फरकफरक विषय रहेको बताए। कारबाई गर्नु छ भने जिल्ला प्रहरी कार्यालयमा जाहेरी लिएर जाने वा मिलापत्र गर्नु छ भने जिल्ला प्रशासन कार्यालयमा आउनुपर्ने बताएका थिए।

आफूले अहिले सो घटनाबारे प्रहरीसँग समन्वय गरिरहेको र स्पष्टरूपमा आफूले पनि नबुझेको प्रजिअले बताए। उनले सहमतिमा समस्या समाधान गरिने बताए।

## पर्सागढीका सामुदायिक विद्यालयहरू अझै खुलेनन्

बलिराम शुक्ला, बिरुवागुठी, १३ कात्तिक/

दशैं बिदापछि कात्तिक १२ गतेदेखि देशैभरका सामुदायिक विद्यालयको पठनपाठन शुरू हुने भनिए तापनि पर्सागढी नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरू अझैसम्म खुलेका छैनन्।

केही दिनअगाडि शिक्षकहरूको आन्दोलनका कारण एक साताभन्दा बढी लामो बिदामा बसेका विद्यार्थीहरू दशैं बिदा सकिएलगत्तै १२ गतेदेखि पठनपाठन हुनुपर्नेमा विद्यालय नखुलेपछि विद्यार्थीहरूको पठनपाठन प्रभावित भएको छ।

पर्सागढी नगरपालिका शिक्षा शाखा प्रमुख देव गिरीले दशैं बिदा सकिएलगत्तै वर्षे बिदाबाट कट्टा हुनेगरी १२ देखि १६ गतेसम्म पाँच दिन बिदा थप दिएको बताए। तर उनले वर्षे बिदाबाट कट्टा हुनेगरी के कति कारणले बिदा दिएको हो खुलाउन चाहेनन्। उनले भने, "एक शैक्षिकसत्रमा ४५ दिनको वर्षे बिदा हुन्छ, त्यसमध्येबाट थप पाँच दिन कट्टा हुने गरी बिदा दिइएको छ।" तर बिदा दिएको सार्वजनिक सूचना नगरपालिकाले




तस्वीरः प्रतीक

निकालेको छैन।

पर्सागढीका एकजना शिक्षकले नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका करीब डेढ दर्जन प्रधानाध्यापक तथा शिक्षकहरू कात्तिक ९ देखि १६ गतेसम्म भारतका विभिन्न धार्मिकस्थलका भ्रमणमा गएकाले पालिकाले मौखिक बिदा दिएको बताए।

केही दिन अगाडि मात्र विद्यालय नै ठप्प पारी काठमाडौं आन्दोलनमा शिक्षकहरू गएपछि केन्द्रीय शिक्षक आन्दोलन सङ्घर्ष समितिले आन्दोलनको क्रममा बन्द रहेको विद्यार्थीहरूको पठनपाठन बिदाको दिन पढाएर पूर्ति गर्ने निर्देशन दिएको थियो। सङ्घको निर्देशनको उल्लङ्घन गरी प्रअ तथा शिक्षकहरूले विद्यालय बन्द गरी हजारौं विद्यार्थीहरूको भविष्यमाथि खेलबाड गरेको स्थानीयले गुनासो गरेका छन्।

## पर्सागढी मन्दिरको सम्भाव्यताबारे अध्ययन अवलोकन

नरेश यादव, पर्सागढी, १३ कात्तिक/



तस्वीरः प्रतीक

नेपाली सेना २८ नं वाहिनीपति जीतपुरका क्याप्टेन राजन राउत नेतृत्वको टोलीले ऐतिहासिक पर्सागढी मन्दिरको अवलोकन गरेको छ।

अवलोकनको क्रममा क्याप्टेन राउतले पर्सागढी मन्दिर पर्यटकीय क्षेत्र बनाउने सम्भाव्यताबारे अध्ययन गरिने बताए। उनले विसं १८७१ मा पर्सागढीमा नेपाली सेनाले स्थानीयसँग मिलेर ब्रिटिश सेनासँग युद्ध गरी पराजित गरेकोले यो ठाउँ ऐतिहासिक स्थल रहेको र सो ठाउँको चौतर्फी विकासको लागि पूर्व-पश्चिममा रहेका खोलामा पुल निर्माण गरिने बताए। उनले २०२१ सालमा पर्सागढी मन्दिरको नाममा रहेको करीब १२ बिघा जग्गा स्थानीय व्यक्तिहरूले आफ्नो नाममा गरेकामा सो फिर्ता ल्याउन आवश्यक प्रक्रिया चाल्ने बताए।

पर्सागढी नपाका प्रमुख गोकर्ण पाठकले ऐतिहासिक स्थलको संरक्षण, संवर्द्धन हुनुपर्नेमा जोड दिए। उनले यो ठाउँले देशमा नै पर्सागढीलाई चिनाएको बताए। पर्सागढीलाई पर्यटकीय क्षेत्र बनाउनुपर्नेमा उनले जोड दिएका थिए।

टोलीमा क्याप्टेन हेमन्त सिंह, रोशन पुरी, मन्दिर सञ्चालक समितिका अध्यक्ष बृजमोहन चौधरी, स्थानीय भद्रभलादमी तथा ६७ जना नेपाली सेनाका जवान सहभागी थिए।

## दुर्घटनामा घाइते सुरजको मृत्यु

प्रस, वीरगंज, १३ कात्तिक/

सिमरामा आइतवार राति भएको बस दुर्घटनाका घाइतेहरूमध्ये सोमवार एकजनाको मृत्यु भएको छ।

मृत्यु हुनेमा वीरगंज-८ का सुरज साह रहेको अस्पतालले जानकारी गराएको छ। आज बिहान ११ बजे उनको उपचारको क्रममा मृत्यु भएको अस्पतालले जनाएको छ।

चितवनको जलबिरेमा पिकनिक मनाएर घर फर्किने क्रममा ना.७ख ४७४९ नम्बरको बस सिमरा चोकमा दुर्घटना भएको थियो। सो दुर्घटनामा हालसम्म दुईजनाको मृत्यु भएको छ भने १० जना घाइते भएका छन्। घाइतेहरूको वीरगंजका विभिन्न अस्पतालमा उपचार भइरहेको जिल्ला प्रहरी कार्यालय, बाराका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक दधिराम न्यौपानेले बताएका छन्।

## छोटकरी

### भौराटारमा आगलागी

प्रमोद यादव, पंचगावाँ, १३ कात्तिक/

बहुदरमाई नगरपालिका-५ भौराटारमा रामजोधा महतो नुनियाको घरमा आगलागी भएको छ।

आगलागीबाट घरमा रहेका अन्न, गहना, कपडा गरी करीब छ लाख मूल्यको क्षति भएको अस्थायी प्रहरी पोस्ट, डोकैला बहुअरीका प्रहरी सहायक निरीक्षक नगिना यादवले बताए। प्रहरी, स्थानीयवासीलगायतले आगलागी नियन्त्रणमा लिएका थिए।

विचारसार र सुक्तिहरू

**जब माथि चढिरहेका हुन्छौ, पछि छुटेका व्यक्तिसँग राम्रो व्यवहार गर, किनकि फर्कंदा ती सबै बाटोमा भेटिने छन्।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रकः प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# महासचिव गुटेरेसको भ्रमण

**संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस चार दिने नेपाल भ्रमणको क्रममा छन् । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निमन्त्रणमा उनी नेपाल आएका हुन् । सन् २०१७ मा संयुक्त राष्ट्रसङ्घका महासचिव भएपछि पहिलोपटक नेपाल भ्रमणमा आएका गुटेरेसले यहाँको शान्ति प्रक्रिया, दिगो विकास, जलवायु परिवर्तनलगायत विषयमा छलफल शुरू गरेका छन् । उनले महत्त्वपूर्ण राजनीतिक भेटघाट एवं छलफलका साथै सङ्घीय संसद्लाई सम्बोधन गर्ने कार्यतालिका छ । त्यसैगरी, जलवायु परिवर्तनका कारण प्रत्यक्ष असर पर्न सक्ने क्षेत्रको भ्रमण गर्नेछन् । राष्ट्रसङ्घका महासचिव करीब १५ वर्षपछि नेपाल भ्रमणमा आएका हुँदा यो भ्रमण हाम्रो मुलुकको लागि यसै पनि महत्त्वपूर्ण छ । अन्य मुलुकहरूले पनि महासचिव गुटेरेसको नेपाल भ्रमणलाई निकै महत्त्वका साथ हेरिरहेका छन् । नेपालको शान्ति प्रक्रिया, जलवायु परिवर्तन र आर्थिक विकासको लक्ष्यप्राप्तिको पक्षमा महासचिवको भ्रमण फलदायी हुने मुलुकवासीको अपेक्षा छ ।**

**नेपाल विकासोन्मुख देशमा बढुवा हुन लाग्नुका साथै शान्ति प्रक्रिया र सङ्क्रमणकालीन न्याय अन्तिम चरणमा पुगेको छ । सङ्क्रमणकालीन न्यायले पीडित, उनीहरूको परिवार र समुदायमा शान्ति ल्याउनुपर्छ । सङ्क्रमणकालीन न्यायको विषय हाम्रो देशमा लामो समयदेखि कचपल्टिँदै आएको छ । शान्ति प्रक्रियाको १८ वर्ष बितिसक्दा पनि अझै न्याय, सत्य निरूपण र मेलमिलापको काम सम्पन्न हुन सकेको छैन । नेपालको सङ्क्रमणकालीन न्यायसम्बन्धी विषय सकसमा रहेका बेला गुटेरेसको नेपाल भ्रमण रहँदा पीडक र पीडित पक्ष दुवैको आआफ्नै किसिमका तर्क एवं मतहरू छन् । तत्कालीन सरकार पक्ष र माओवादी विद्रोही पक्षमध्ये कतिपय घटनामा सरकार पक्ष पीडक छ भने कतिपय घटनामा माओवादी पक्ष पीडक छ । ऊ बेलाका विद्रोही पक्ष यो बेला सत्तामा रहेको हुँदा तत्कालीन विद्रोही पक्षले दिएका पीडाहरूलाई मिनहा गरेर अगाडि जानुपर्छ भन्ने आशय वर्तमान सरकार पक्षको रहँदै आएको छ । तर सरकार पक्षबाट वा विद्रोही पक्षबाट पीडामा परेकाहरू भने यतिबेला एक छन् । युद्धको नियम, कानून र मानवीयतालाई समेत भुलेर क्रूर अमानवीय गतिविधि गर्नेहरू जोकोही पनि कारबाईमा पर्नुपर्छ भन्ने पीडितहरूको माग छ ।**

**नेपालको सशस्त्र द्वन्द्वलाई टुङ्गोमा पुऱ्याउन विश्व राष्ट्रहरूको अभिभावकीय संस्था राष्ट्रसङ्घको भूमिका सहयोगी हुन सक्छ । अहिले पनि युद्ध लडेका, युद्धमा परेका वा पारिएका, घाइते भएका, बेपत्ता पारिएका व्यक्ति र उनका परिवारजनको अवस्था पीडादायी छ । ज्यादतीपूर्णरूपमा मारिएका निर्दोषका परिवारले अझै न्याय पाएका छैनन् । यसको निम्ति द्वन्द्वलाई अन्त्य गर्नेगरी न्याय, मेलमिलाप र सजायका प्रावधान सही ढङ्गले प्रयोग गर्नुपर्छ । नेपाल भ्रमणमा रहेका महासचिव शान्ति प्रक्रियाको सवालमा स्पष्ट देखिएका छन् । भ्रमणको पहिलो दिन प्रधानमन्त्री प्रचण्डसँगको भेटमा उनले शान्ति प्रक्रिया टुङ्ग्याउन तीनवटा सुझाव दिएका छन् । सर्वोच्च अदालतले यसअघि स्थापित गरेको नजीर, अन्तर्राष्ट्रिय मापदण्ड र पीडित पक्षको भावनालाई कदर गर्ने शान्ति प्रक्रियालाई निष्कर्षमा पुऱ्याउन संयुक्त राष्ट्रसङ्घको सहयोग रहने उनले बताए । महासचिवको भनाइप्रति पीडित पक्ष सहमत देखिएको छ । तर सत्तापक्षमा अझै पनि केही सङ्कीर्णता छ । शान्ति प्रक्रियालाई पूर्णता दिन ढिलो गर्नुहुँदैन । अब सरकार र दलहरूले सङ्क्रमणकालीन न्यायको विषय दीर्घकालसम्मकै लागि टुङ्ग्याउने गरी अगाडि बढ्नुपर्छ ।**

# इजरायल–हमासको युद्ध र मानव अधिकारको सवाल

स्वतन्त्र विचार




अधिवक्ता वीरेन्द्रप्रसाद यादव
wokil.birendra@gmail.com


**विश्वका मानिसहरूको धार्मिक आस्था फरक भएपनि सबैको मानव अधिकार एउटै छ । यसैले मानव अधिकारलाई विश्वव्यापी भनिएको छ । धार्मिक आस्था एवं ग्रन्थहरूको एउटा सीमा छ तर मानव अधिकारको सीमा छैन ।**

बितेको तीन हप्तादेखि इजरायल तथा हमासबीच भएको युद्धले मानव अधिकार क्षतविक्षत त भएकै छ, विश्व शान्तिको अभियान पनि धरापमा पर्ने स्थिति उत्पन्न भएको छ । पहिलो र दोस्रो विश्वयुद्ध तथा शीत युद्धबाट भएको क्षति सबैले बिर्सेजस्तो लाग्छ । ती युद्धको विभीषिका सम्झने मात्र हो भने अब तेस्रो विश्व युद्ध हुनुहुँदैन र हुन दिनु पनि हुँदैन ।

संसारको कुनै पनि व्यक्तिले पुनः विश्वयुद्ध होस् भन्ने चाहेको छैन । तर इजरायल–हमास युद्धले यो चाहनालाई किनारा लगाउला जस्तो छ । प्रथम विश्वयुद्ध शक्ति राष्ट्रहरूको दम्भले भएको थियो भने दोस्रो विश्वयुद्धमा व्यक्तिवादी सोच हावी थिटयो र तेस्रो शीतयुद्ध पूँजीवादी र साम्यवादी व्यवस्थातर्फ आ–आफ्नो पक्ष बनाउने नियतले भएको थियो । शीतयुद्ध अमेरिका र रूसबीच शक्ति प्रतिस्पर्धाले ल्याएको थियो । प्रथम विश्वयुद्धको बेला हिंसा रोक्न सक्ने प्रभावकारी अन्तर्राष्ट्रिय सङ्गठन थिएन । प्रथम विश्वयुद्धपछि गठन भएको लिग अफ नेशन अक्षम भएकोले दोस्रो विश्वयुद्ध रोक्न सकेन र नन–एलायन्स राष्ट्रहरूको त्यस बेला कुनै सङ्गठन नै थिएन । आज भने मानव अधिकारको वकालत गर्ने संयुक्त राष्ट्रसङ्घजस्ता विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरू छन् रमानवतासम्बन्धी कानून उल्लङ्घन गर्ने राष्ट्रविरुद्ध कारबाई चलाउने अन्तर्राष्ट्रिय अदालत पनि छ । हरेक देशमा मानव अधिकारको संरक्षणको लागि मानव अधिकारको संरक्षणको लागि स्वतन्त्र राष्ट्रिय आयोगहरू पनि छन् । हरेक देशको संविधान लोकतान्त्रिक मात्र छैन, तिनका संविधानमा मौलिक हकको माध्यमबाट मानव अधिकार स्थपित गर्ने खालको बलियो कानून पनि छ । विभिन्न अन्तर्राष्ट्रिय सन्धि–सम्झौताहरू छन्, जसले हरेक राष्ट्रलाई मानव अधिकारको रक्षा गर्न बाध्य पारेको छ । साना मुलुकमा कुनै घटनाबाट मानव अधिकारको उल्लङ्घन भएको छनक पाउनेबित्तिकै कडा कारबाई गरिएका दृष्टान्त छन् जस्तै माओवादी द्वन्द्वकालमा मानव अधिकार उल्लङ्घन गरेको भन्दै नेपालकै एकजना सैनिक अधिकारीलाई विदेश भ्रमणका बखत कारबाईमा तानिएको थियो ।

अहिले इजरायल तथा प्यालेस्टिन विवादमा चार हजारभन्दा बढीको ज्यान गइसकेको छ । हजारौं घाइतेको उपचारको समस्या उत्तिकै छ । अति आवश्यक खाना, पानी, औषधी र उपचारबाट वञ्चित भएको अवस्था छ । बच्चाहरू भोकप्यासले छटपटिरहेको देखिएको छ । ती बच्चा कुन देशका र कुन धर्म मान्ने हुन् भन्ने कुरा महत्त्वपुर्ण होइन । ती मानव हुन् र यस्ता मानवता विरोधी कार्य कसैले गर्न पाउँदैन भनेर मानव अधिकारको विश्वव्यापी घोषणा पत्र १९४८ ले व्यवस्था गरेको छ । यस कुरामा कसैले बोलेको देखिन्न, जुन चिन्ताको विषय त हुँदै हो तेस्रो विश्वयुद्धलाई मौन आमन्त्रण पनि हो । यसले मानव अधिकारको वकालतको लागि खोलिएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सङ्गठनहरूको औचित्यमाथि पनि प्रश्नचिह्न खडा गरेको छ । पहिलो र दोस्रो विश्वयुद्धजस्तै अहिले पनि विश्व दुई चिरामा विभाजित छ केही राष्ट्रबाहेक । फरक यति छ कि पहिले पूँजीवाद र साम्यवादलाई आधार बनाई गुटबन्द थिए, अहिले धर्मको गुटबन्दी भएको छ । प्रायः मुस्लिम देशहरू हमास पक्षधर र गैरमुस्लिम राष्ट्रहरू इजरायल पक्षधर देखिएका छन् । कसैले पनि शान्तिपूर्ण समाधानको आवाज उठाएको देखिन्न । जुन निकै चिन्ताको विषय हो । यस्तै उदासीनता रहने हो भने परमाणु हतियार तयार रहेको विश्वमा कोही पनि सुरक्षित रहन सक्दैन । एउटा देशमा बजारिएको परमाणु बमले असम्बन्धित देशमा पनि खतरा ल्याउन सक्छ । अहिले धार्मिक वा राष्ट्रियताको आधारमा सोच्नुभन्दा मानवताको आधारमा सोच्न आवश्यक छ । युद्धरत देश भित्र वा बाहिर मरेका वा घाइते भएका व्यक्तिहरू मानव हुन् । यसर्थ युद्धको समाधान शान्तिको माध्यमबाट खोज्न पहल हुनु आवश्यक छ । हाम्रै नेपाली नागरिक मारिएका छन्, बेपत्ता भएका छन्, घाइते भएका छन् । यो नेपालको लागि प्रत्यक्ष नोक्सानी हो । यसर्थ हामी कतै पनि झुकाव नराखी मानव अधिकार बहाल गर्न पहल गर्नुपर्छ । अहिलेसम्म हामी मौन छौं, जुन समय सापेक्ष छैन ।

वास्तवमा इजरायलले यहुदी राष्ट्रको रूपमा १९४८ पछि नै संयुक्त राष्ट्रसङ्घको निर्णयबाट परिचय पाएको हो । यहुदीहरूको सङ्घर्ष हेर्दा निकै डरलाग्दो छ । इतिहासमा घटेका र घटाइएका घटनाहरूको आआफ्नो कारण होला तर आजको विश्व सय वर्ष अघिजस्तो छैन । अहिले हरेक मानवले हरेक मानवको पीडाबारे बोल्ने अवस्था छ । विश्वव्यापीकरणको अवस्थामा मानव अधिकार हरेक मानवको चासोको विषय बन्नुपर्छ । यद्यपि दुनियाँभरिमा अहिले डेढ करोड यहुदी रहेको बताइन्छ । जसमध्ये अधिसङ्ख्य इजरायलमा छन् । हिटलरले साठी लाख यहुदीलाई एक चिहान पारेका थिए ।

जातिगत वा धार्मिकरूपले वा भाषागतरूपले कसैलाई कुनै किसिमको हिंसा वा पीडा दिन मिल्दैन । सबैको मानव अधिकार बराबर छ भन्ने कुरा सबैले बुझ्नुपर्छ । वास्तवमा भन्ने हो भने यहुदीहरूले शुरूदेखि नै युद्ध गर्दै आए पनि यस अघिका जति पनि विवाद यहुदी भर्सेज–इसाई थियो तर अहिले यहुदी भर्सेज मुस्लिम छ । जबकि यहुदी, इसाई मुस्लिम धर्मको उत्थान एउटै परिवार भित्र भएको देखिन्छ । यो तीनै समुदायको उत्पत्ति इब्राहिम हजरतबाट नै भएको इतिहासकारहरू बताउँछन् । इब्राहिम हजरतका दुई छोराहरू इस्माइल तथा इसाहककै सन्तानहरूबाट तीनै धर्म शुरूआत भएको देखिन्छ । यस कारण धार्मिकताको आधारमा विवाद गर्नुको औचित्य छैन । इसाई, यहुदी वा मुस्लिम तथा अन्य कुनै पनि धर्मग्रन्थमा जानीजानी बच्चालाई उसकी आमाको काखबाट खोस्नुहुँदैन, बिरामीलाई उपचारबाट रोक्नु हुँदैन, मानिसलाई खाना, पानी, औषधी तथा हावाबाट वञ्चित गर्नुहुँदैन भन्ने नै व्यवस्था छ । आफ्नो अधिकारको रक्षाको लागि अर्काको अधिकारको सम्मान गर्नैपर्छ । आवश्यकतामा अवरोध पुऱ्याई बाँचन पाउने अधिकारबाट कसैलाई वञ्चित गर्नुहुँदैन । यहुदीहरूको टेन कमान्डमेन्ट हेर्दा कसैलाई अन्नपानीबाट वञ्चित गर्न नहुने, अनाहक कसैको ज्यान लिन नहुनेलगायत मानव अधिकार सहितको व्यवस्था छ भने पैगम्बरले प्रत्यक्षरूपमा अल्लाहबाट पाएको संदेशको आधारमा तयार भएको कुरानमा पनि मानव अधिकार उल्लङ्घन हुने किसिमको यातनाजन्य कार्यलाई बढावा दिइएको छैन । पैगम्बरबाट सुनेर जानकारी पाएका प्राफिटहरूको आधारमा तयार भएको हदिसमा पनि मानव अधिकार उल्लङ्घन हुने कार्य गर्नुपर्छ भने व्यवस्था छैन ।

रोममा निर्माण भएको पहिलो लिखित कानूनको रूपमा रहेको ट्वेल्भ टेबलले पनि मानव अधिकार उल्लङ्घनमा रोक लगाएको थियो । सन् १२१५ को बेलायतको म्याग्नाकार्टा जसलाई बाइबल अफ सिभिल राइट भनिन्छ, त्यसले पनि मानव अधिकारको सुरक्षा गरेको छ । ती सबै व्यवस्था अहिले पनि संसारमा रहेको तर मानव अधिकारको चरम उल्लङ्घन भइरहँदा पनि कतैबाट रोक्ने पहल नहुनु घोर चिन्ताको विषय हो । हिन्दू धर्म परिवारका सिख, जैन, बौद्धलगायत कुनै पनि धर्मग्रन्थमा मानव अधिकारको क्षति पुऱ्याउने खालको व्यवस्था छैन । सबै धर्मको सार हेर्ने हो भने मानवलाई मानव भएर मर्यादितरूपले बाँच्न पाउने नियमले प्राथमिकता पाएको छ । जसले मानवको विकास र उसको आवश्यकता पूर्ति सहज बनोस् र कसैले पीडा भोग्नु नपरोस् । अहिले हामी सानातिना कुरामा पनि धार्मिक आधार देखाई विवाद गर्न थालेका छौं, जुन मानव अधिकारको दृष्टिले उचित होइन । किनभने विश्वका मानिसहरूको धार्मिक आस्था फरक भएपनि सबैको मानव अधिकार एउटै छ । यसैले मानव अधिकारलाई विश्वव्यापी भनिएको छ । धार्मिक आस्था एवं ग्रन्थहरूको एउटा सीमा छ तर मानव अधिकारको सीमा छैन । मानव अधिकारको संरक्षण र जर्गेनाले तत्काल लाभ मात्र दिंदैन, हरेक आवश्यकताको पूर्ति गर्नुका साथै पीडाकोलाई पनि अन्त गर्नुपर्छ । मानव अधिकारको संरक्षण भएन भने जङ्गल राज्य शुरू हुन्छ जहाँ कोही सुरक्षित रहन सक्दैन । यसर्थ अहिलेको युद्धले पूरा विश्वलाई नोक्सान पार्नेगरी मानव अधिकारको चरम उल्लङ्घन भइरहेकोले सबै मिली रोक्न आवश्यक छ । युद्धरत राष्ट्रहरूका पक्षधर बनी समर्थन गर्नुभन्दा मध्यस्थ बनी विवाद समाधानतर्फ लाग्नु नै श्रेयस्कर देखिन्छ । यति गरे मात्र तेस्रो विश्वयुद्धको खतरा टर्छ ।

# को 'सम्माननीय', को 'माननीय'

काठमाडौं, १३ कात्तिक/रासस

राष्ट्रियसभा, विधायन व्यवस्थापन समितिले 'राष्ट्रिय मर्यादा सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' सर्वसम्मतिले पारित गरेको छ । सो गैरसरकारी विधेयक राष्ट्रियसभाको मङ्गलवार बस्ने बैठकमैं प्रस्तुत गर्ने तयारी छ ।

समितिको सोमवारको बैठकले सदस्य र विज्ञसहितको सुझाव समेटेर मर्यादासम्बन्धी विधेयक पारित गरेको सभापति जयन्ती राईले जानकारी दिइन् । त्यसले राष्ट्रिय मर्यादाक्रमका सन्दर्भमा उठेको केही मुख्य विषयवस्तुलाई सम्बोधन गरेको छ ।

विधेयकमा अतिविशिष्ट र विशिष्ट व्यक्तिलाई 'सम्माननीय वा माननीय' के भनेर सम्बोधन गर्ने भन्ने विषयलाई व्यवस्थित गरिएको छ । यसमा अतिविशिष्ट व्यक्तिहरू राष्ट्रपति, उपराष्ट्रपति, प्रधानमन्त्री, प्रधानन्यायाधीश तथा प्रतिनिधिसभाका सभामुख र राष्ट्रियसभाका अध्यक्ष रहने गरी मर्यादाक्रम मिलाउन प्रस्ताव गरिएको छ, जसका पदका अघि 'सम्माननीय' भनी सम्बोधन गर्नुपर्ने हुन्छ ।

त्यस्तै, 'विशिष्ट व्यक्ति'का सूचीमा रहेका सङ्घीय मन्त्री र सांसद, प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, सभामुख, प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्ष, सर्वोच्च अदालतका न्यायाधीश, संवैधानिक निकायका प्रमुख र सदस्य, महान्यायाधिवक्ता, पूर्वअतिविशिष्ट पदाधिकारी तथा संविधानसभा अध्यक्ष, उपाध्यक्ष, सदस्यलाई भने पदका अघि 'माननीय' शब्दले सम्बोधन गरिनेछ ।

**महामहिम**

गैरसरकारी विधेयकका रूपमा गोपीबहादुर सार्की आछामी, तुलप्रसाद विश्वकर्मा, देवेन्द्र दाहाल, प्रकाश पन्थ, प्रमिलाकुमारी, डा वेदुराम भुसाल, रमेशजङ्ग रायमाझी र शेखरकुमार सिंहले दर्ता गराएको विधेयकमा विदेशी राष्ट्रप्रमुख, नेपाली राजदूत, नेपालस्थित विदेशी राजदूत, संयुक्त राष्ट्रसङ्घ र सार्कका महासचिव, अन्तरसरकारी क्षेत्रीय सङ्गठनका पदाधिकारी र नेपालस्थित विदेशी कन्सुल जनरललाई भने पदका अघि 'महामहिम' शब्द प्रयोग गर्न प्रस्ताव गरिएको छ ।

नेपालका राष्ट्रिय झन्डा र राष्ट्रिय गान कहाँ, कुन बेला र कसरी प्रयोग गर्नेजस्ता विषय पनि विधेयकमा व्यवस्था गरिएको छ । यसअघि मर्यादाक्रम गृह मन्त्रालय हुँदै मन्त्रिपरिषद्ले बनाउँदै आएको थियो । बेलाबेलामा हुने संशोधनले विद्यमान महत्त्वपूर्ण पदको मर्यादा तल र माथि भइरहने हुँदा अन्योल देखिँदै आएको छ ।

संसद्मा पदको गहन अध्ययन नभई मर्यादाक्रम निर्धारण हुँदा केन्द्रका साथै प्रदेश र स्थानीय तह तथा राजनीतिक दल र अन्य सङ्घसंस्थाले गर्ने कुनै विशेष कार्यक्रम, समारोह आदिमा असहज देखिएकाले यस्ता विषयलाई विधेयकले सम्बोधन गर्ने प्रयास गरेको छ ।

**राष्ट्रिय झन्डा कसले राख्ने**

नेपालको राष्ट्रिय झन्डा कुन कुन व्यक्तिको सवारीसाधनमा रहने भन्ने पनि प्रस्तावमा उल्लेख छ । सो अनुसार अतिविशिष्ट व्यक्ति, नेपाल सरकारका मन्त्री, प्रदेश प्रमुख–मुख्यमन्त्री–सभामुख–मन्त्री, प्रतिनिधिसभाका उपसभामुख र राष्ट्रियसभाका उपाध्यक्षले सवारीसाधनमा राष्ट्रिय झन्डा प्रयोग गर्न पाउनेछन् । त्यसको उल्लङ्घन गर्नेलाई कसूरसहितको व्यवस्था गरिएकाले विधेयक अहिलेका सन्दर्भमा निकै महत्त्वपूर्ण साबित हुनेछ । राष्ट्रिय झन्डाको प्रयोग हाम्रो सम्मान र गौरवसँग जोडिएको विषय भएकाले त्यो कहाँ, कसरी र कसले गर्ने भन्नेमा यसअघि स्पष्ट व्यवस्था थिएन ।

प्रारम्भमा प्रस्तावितभन्दा केही महत्त्वपूर्ण पदको मर्यादाक्रम छलफल र संशोधनपछि तल–माथि गर्न प्रस्ताव गरिएको छ । प्रस्तावित गैरसरकारी विधेयकमा प्रधानन्यायाधीशको मर्यादा पाँचौं नम्बरमा राखिएकामा त्यसमा विधायन समितिले संशोधन गरी पुनः हाल कायम रहे अनुसारकै चार नम्बरमा राखेको छ ।

प्रतिनिधिसभामा विपक्षी दलको नेताको मर्यादाक्रम संविधानसभा अध्यक्ष, प्रतिनिधिसभाका पूर्वसभामुख र राष्ट्रियसभाका पूर्वअध्यक्षकै लहरमा रहने गरी सातौं नम्बरमा कायम गर्न प्रस्ताव गरिएको छ । मर्यादाको नौ नम्बरमा सत्तापक्षका संसदीय दलका उपनेतासँगै

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोनः ९८४५११९४४८

# महोत्तरीमा गाँजाको तस्करी र कारोबार बढ्यो

महोत्तरी, १३ कात्तिक/रासस

गाँजाकै कारण केही दशकअघि महोत्तरीको अजमरपट्टी बस्ती संसारभर चर्चामा थियो।

गाँजाको लत लागेका व्यक्तिहरूले यहाँको अजमरपट्टीको चर्चा गरिरहन्थे। "त्यतिखेर आफ्नो जिल्लाको एउटा सानो बस्तीको नाउँ विदेशीले किन लिन्छन् ? आखिर के रहेछ त्यहाँ ? भन्ने लाग्थ्यो," एक विदेशी नागरिकले अजमरपट्टीबारे चासो राखेको पुरानो सन्दर्भ बर्दिबास–६ किसाननगरका ७० वर्षीय वीरबहादुर सुसलिङ सम्झन्छन्।

"त्यही चासोले अजमरपट्टी जाँदा त्यतिखेर जिल्लाको उत्तरक्षेत्रमा खेती गरिने सुर्तीको 'प्याक' बनाएको देखेको मलाई अजमरपट्टीमा बनाइने 'प्याक' पनि कुनै एकखाले सुर्तीकै हो भन्ने परेको थियो," करीब पाँच दशकअघिको कुरा सम्झँदै सुसलिङले भने, "ती त गाँजाका प्याक रहेछन् भन्ने निकैपछि थाहा पाएँ।"

सरकारले गाँजाखेती निस्तेज गर्न कडाइ शुरू गरेसँगै अजमरपट्टीमा गाँजा नष्ट गरिएका खबर रेडियोबाट सुनेपछि बल्ल आफूले त्यहाँ देखेको 'प्याक' सुर्तीको नभएर गाँजाको भएको रहस्य थाहा पाएको सुसलिङ सम्झन्छन्।

त्यहाँ (अजमरपट्टी) उत्पादित गाँजा विश्व बजारमा उत्तम भएको सो बस्तीका छ दशक उमेर नाघेका पाका व्यक्ति अझै बताउँछन्। "गाँजा खानेहरूले हाम्रो बस्तीको नाउँ जान्थे," सो बस्तीका ७० वर्षीय रामअनेक मण्डल भन्छन्, "समय गयो, गाँजाखेती सरकारले बन्द गर्‍यो, अब यो नाउँ बिर्से होलान् सबैले।"

अजमरपट्टीको माटोमा गाँजा राम्ररी फस्टाउने र अन्तर्राष्ट्रिय बजारमा यो ठाउँको उत्पादित भनेपछि राम्रो मूल्यमा बिक्री हुने कुरा विगत सम्झँदै अहिले पनि सो बस्तीका बुढापाका बताउँछन्। समयक्रममा अजमरपट्टी र आसपासका गाँजाखेती त सरकारी प्रयत्नले निर्मूलजस्तै भयो। तर गाँजा तस्करीको केन्द्र चाहि महोत्तरी झन् बलियो बन्दै गएको त्यसयताका बर्सेनिका घटनाले देखाउँदै आएका छन्।

अहिले महोत्तरी गाँजा उत्पादन होइन, यो अवैध कारोबार व्यवस्थापन र ओसारपोसारको केन्द्र जस्तै बन्दै गएको छ। भित्री पहाडी खोंच र पाखाभित्तामा उत्पादित गाँजा सुरक्षाचौकी छल्दै महोत्तरीका विभिन्न बस्तीमा लुकाइने र भारतीय तस्करसँगको समन्वयले बाहिरिने गरेको पछिल्ला एक दशकयताका घटनाले देखाउने प्रहरी अधिकारी नै स्वीकार गर्छन्।

"अब महोत्तरीमा गाँजाखेती भेटिन्न, प्रहरीको निरन्तरको प्रयत्नले यो करीब निर्मूल भएको छ," जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी (प्रवक्ता) प्रहरी नायब उपरीक्षक दिलीपकुमार गिरी भन्छन्, "तर ओसारपोसारको थलो चाहिं अवैध धन्दावालले यो ठाउँलाई बनाउँदै आएका देखिन्छ।"

आइतवार मात्रै जिल्ला प्रहरी कार्यालय, सर्लाहीले महोत्तरी/सर्लाही सीमानजीकको कविलासी–९ को झिम नदी किनारमा २५० किलो लागूऔषध गाँजासहित नियन्त्रणमा लिइएका दुईजना र ओसारपोसारमा प्रयोग भएको सवारीसाधन सार्वजनिक गर्‍यो। यसअघि गत असोज अन्तिम सातामा महोत्तरीको जिल्ला सदरमुकाम जलेश्वरनजीकै जलेश्वर–सम्सी सडकमा प्रहरीले चार क्वीन्टल बढी चार सय पाँच किलो गाँजा बरामद गरेको थियो।

सर्लाही प्रहरीले नियन्त्रणमा लिएका ओसारपोसारमा संलग्न व्यक्ति स्थानीय भएपनि गत असोजको अन्तिम साता महोत्तरी प्रहरीले नियन्त्रणमा लिएको गाँजासहित भने मकवानपुरका बासिन्दा फेला परेका थिए।

जिल्लाका विभिन्न ठाउँमा गरिने खोज अभियानमा थोरै परिमाणको गाँजा भेटिंदा यहींकै स्थानीय (जिल्लाकै) भेटिने र परिमाण बढी हुँदा धेरैजसो मकवानपुरका मानिस समातिएका प्रहरी

(बाँकी पाँचौं पातामा)

# गहना चोरेको आरोपमा दुईजना पक्राउ

प्रस, वीरगंज, १३ कात्तिक/

जिल्ला प्रहरी कार्यालय, पर्साले गहना चोरीको आरोपमा दुईजनालाई पक्राउ गरेको जनाएको छ।

वीरगंज महानगरपालिका–१६ नगवा बस्ने ३२ वर्षीय शेख मख्खु र ३० वर्षीय पवन यादवलाई गहना चोरीको आरोपमा पक्राउ गरेको जनाएको छ।

हरिवन नगरपालिका–१ जानकीनगर घर भई वीरगंज महानगरपालिका–५ बिर्तामा डेरा गरी बस्ने खिलबहादुर मैनालीको डेराबाट गहना र नगदसहित १० लाख मूल्य बराबरको सामान चोरी गरेको आरोपमा प्रहरीले दुवैजनालाई पक्राउ गरेको जनाएको छ।

मैनाली दशैं मनाउन घर गएको बेलामा उनको वीरगंजस्थित डेराबाट कात्तिक ८ गते दुवैजनाले चोरी गरेको प्रहरीले जनाएको छ। प्रहरीले उनीहरूको



साथबाट सुनको औंठी, मङ्गलसूत्र, टप, चाँदीको सिन्दुरको डब्बा, पाउजु, साँचो, बाला, चन्द्रमा तथा नगद १५ हजार बरामद गरेको जिप्रका, पर्साले जनाएको छ।

# चार थान चोरीको मोटरसाइकलसहित गोसाईं पक्राउ

प्रस, वीरगंज, १३ कात्तिक/

चार थान चोरीको मोटर साइकलसहित एकजनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

नारायणी अस्पतालको पार्किङस्थलबाट प्रदेश २–०३–०२२ प ९२७२ नम्बरको मोटरसाइकलको लक तोडेर चोरी गरी लैजाने क्रममा प्रहरीले वीरगंज महानगरपालिक–१६ बस्ने २८ वर्षीय अजय गोसाईंलाई पक्राउ गरेको जिप्रका, पर्साले जनाएको छ।

प्रहरीले बयानको आधारबाट अन्य तीनवटा चोरीका मोटरसाइकल बरामद गरेको छ।

ना.५४प ४७२४, ना.३६प ९८५३ र




ना.६४प ३९०६ नम्बरका मोटरसाइकल चोरी भएको उजूरीको आधारमा प्रहरीले चारवटा मोटरसाइकलसहित गोसाईंलाई पक्राउ गरेको जनाएको छ।



**ढकमक्क फुल्यो सयपत्री:** घोराही उपमहानगरपालिका–१५ भरतपुरमा भास्कर पडेनी र दशरथ साउदले १५ कट्ठा जमीनमा व्यावसायिकरूपमा गरेको सयपत्री फूलको खेती। ढकमक्क फुलेको फूलले सौन्दर्य थपेको छ। तस्बिरः रासस

# पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिंदैछ –राष्ट्रसङ्घ महासचिव गुटेरेस

काठमाडौं, १३ कात्तिक/रासस

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले जलवायु परिवर्तनको असरका रूपमा पर्यावरण र मानव समुदायमा नाटकीय परिवर्तन देखिन थालेको बताएका छन्।

सगरमाथा क्षेत्रको अवलोकनका लागि उनी सोमवार बिहान सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिका–४ पुगेका थिए। उक्त क्षेत्रको अवलोकनका क्रममा सामाजिक सञ्जाल एक्समार्फत भिडियो सन्देश दिंदै महासचिव गुटेरेसले जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह गरेका छन्।

"म अहिले यहाँ हिमालयमा छु। जहाँ हिमाल पग्लिरहेका छन् र हिमनदीहरू रेकर्ड लेभलमा छन्। अन्टार्टिका र ग्रीनल्यान्डमा जस्तै यहाँ पनि जलवायु परिवर्तनको गम्भीर असर देखिइरहेका छन्," गुटेरेसले भने, "हामीले बाढीपहिरो देख्नुपरेको छ। यहाँको समुदाय नाटकीयरूपमा प्रभावित भइरहेको छ। हामीले यसलाई रोक्न जरुरी छ।"

जलवायु परिवर्तनका असरले हिमालय क्षेत्रको पर्यावरण र जनजीवनमा देखिन थालेका असर तथा त्यसको रोकथामका लागि आफूले विश्व समुदायको ध्यानाकर्षण गराउन चाहेको उनले उल्लेख गरेका छन्। "हामीले बढ्दो तापक्रम वृद्धिलाई एक दशमलव पाँच डिग्रीमा सीमित गर्न सक्नुपर्छ। यसबाट हामी पछि हट्न सक्दैनौं," उनले भिडियो सन्देशमार्फत भनेका छन्।

**महासचिवद्वारा पर्यटन प्रवर्द्धन हुने विश्वास**

संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेस बुद्ध जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दा उत्साहित भएका छन्। महासचिव गुटेरेसको लुम्बिनी भ्रमणले लुम्बिनी र गौतमबुद्धको शान्तिको सन्देश विश्वभर थप प्रचारप्रसार हुने र लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनमा मदत पुग्ने अपेक्षा पनि गरिएको छ।

विश्वमा शान्ति स्थापनामा विशेष भूमिका खेल्दै आएको विश्व संस्था संयुक्त राष्ट्रसङ्घका महासचिवले शान्तिका अग्रदूत गौतमबुद्धको जन्मस्थल लुम्बिनीको भ्रमण गर्ने भएपछि लुम्बिनी क्षेत्रका बासिन्दाहरू पनि उत्साहित भएका हुन्।

महासचिव गुटेरेस मङ्गलवार बिहान करीब ९ बजे लुम्बिनी आइपुग्ने कार्यक्रम तय भएको लुम्बिनी विकास कोषले जनाएको छ। लुम्बिनी विकास कोषले महासचिव गुटेरेस हिंड्ने सडकलाई कालोपत्र गर्नेदेखि सरसफाइलाई विशेष ध्यान दिएको छ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसहित लुम्बिनी आउन लागेका महासचिव गुटेरेसको स्वागतका लागि सरसफाइ, सौन्दर्यीकरणदेखि सुरक्षासम्मको तयारी अन्तिम चरणमा पुगेको विकास कोषका उपाध्यक्ष डा ल्यारक्याल लामाले जानकारी दिए।



महासचिव गुटेरेसलाई पोखरा विमानस्थलमा सोमबार स्वागत गरिंदै। तस्वीरः रासस

महासचिव गुटेरेसको भ्रमणलाई स्मरणीय बनाउन लुम्बिनी विकास कोषसहित रूपन्देहीका सुरक्षा निकाय, स्थानीय प्रशासन तथा स्थानीय तहका पदाधिकारीले आपसी समन्वयमा तयारी गरिरहेका छन्।

उपाध्यक्ष लामाले महासचिव गुटेरेसको स्वागत र सम्मानमा कुनै कमी नआउने बताए। "राष्ट्रसङ्घका महासचिवको नेपाल भ्रमण हुँदा सबै महासचिव लुम्बिनी आउने प्रचलन रहँदै आएको छ," उनले भने, "नेपालका प्रधानमन्त्रीले लुम्बिनीमा आएर महासचिवलाई स्वागत गर्न लागेको यो पहिलोपटक हो, त्यसैले पनि यो भ्रमणलाई विशेष महत्त्व दिएर हामीले हाम्रोतर्फबाट सबै तयारी गरिरहेका छौं।"

सिद्धार्थ होटल एशोसिएशनका अध्यक्ष गोविन्द ज्ञवालीले राष्ट्रसङ्घका महासचिवको भगवान् गौतमबुद्धको जन्मस्थल लुम्बिनी भ्रमणले यस क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि अन्तर्राष्ट्रिय क्षेत्रमा थप प्रचारप्रसार हुने भएकाले लुम्बिनीको पर्यटन क्षेत्रलाई उत्साहित बनाएको बताए। उनले महासचिवको लुम्बिनी भ्रमणबाट बुद्धको शान्ति सन्देश संसारभर फैल्याउन थप प्रभावकारी हुने भन्दै खुशी व्यक्त गरे।

महासचिवको सुरक्षाका लागि जिल्ला सुरक्षा समितिको बैठक बसेर आवश्यक सुरक्षा रणनीतिहरू तय गरिएका छन्। रूपन्देहीका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, नेपाली सेना, सशस्त्र प्रहरी र नेपाल प्रहरीका जिल्ला प्रमुखसहित कोषका पदाधिकारीको उपस्थितिमा सुरक्षा रणनीति बनाइएको हो।

प्रजिअ अर्यालले महासचिव गुटेरेसको सुरक्षाका लागि गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलदेखि लुम्बिनीसम्मको आवश्यक सुरक्षा व्यवस्था बलियो बनाइएको बताए। उनले समग्र रूपन्देही जिल्ला र भ्रमण हुने क्षेत्रमा सुरक्षा व्यवस्था कडा पारिएको पनि बताए।

महासचिवको भ्रमणको सुरक्षा व्यवस्थाका लागि तीनवटै सुरक्षा निकायका जनशक्ति परिचालन गरिएको र सुरक्षा संवेदनशील क्षेत्रको पहिचान गरी व्यवस्थापन गरिएकोसमेत प्रजिअ अर्यालले जानकारी दिए।

महासचिव गुटेरेसले करीब डेढ घण्टा लुम्बिनीमा बिताउने कार्यक्रम तय गरिएको छ। डेढ घण्टाको अवधिमा उनले लुम्बिनीस्थित मायादेवी मन्दिरमा विशेष पूजाआजा गर्नुका साथै अशोक स्तम्भ अघिबाट सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

महासचिव गुटेरेसलाई लुम्बिनी विकास गुरुयोजना, उत्खनन, अन्वेषण, अनुसन्धान र ऐतिहासिक तथा पुरातात्त्विक महत्त्वका विषयमा लुम्बिनी विकास कोषले जानकारी गराउने कार्यक्रम रहेको विकास कोषका सदस्य सचिव सानुराजा शाक्यले बताए।

गुटेरेस लुम्बिनी भ्रमण गर्ने राष्ट्रसङ्घका छैटौं महासचिव हुन्। राष्ट्रसङ्घका तत्कालीन महासचिव ऊ थान्तले सन् १९६७ मा राष्ट्रसङ्घको महासचिवका रूपमा लुम्बिनी भ्रमण गर्ने प्रथम महासचिव हुन्। राष्ट्रसङ्घका महासचिवका रूपमा थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको योजनाबद्ध विकासको सुरुआत भएको मानिन्छ।

जापानी वास्तुकलाविद् प्राध्यापक केन्जो टाँगेले राष्ट्रसङ्घका तत्कालीन महासचिव थान्तकै आग्रहमा सन् १९७८ मा लुम्बिनी गुरुयोजना तयार गरेका हुन्। संयुक्त राष्ट्रसङ्घका महासचिवका रूपमा ऊ थान्तको लुम्बिनी भ्रमणपछि नै लुम्बिनीको विश्वव्यापी प्रचार भएको हो।

यस्तै, राष्ट्रसङ्घको महासचिवका रूपमा सन् १९८१ मा कर्ट वाल्डहिमले, ह्याभियर पेरेज द कोयरले सन् १९८९ र बान कि मुनले सन् २००८ मा लुम्बिनीको भ्रमण गरेका थिए।

# गाँजा र लागूऔषधसहित तीनजना पक्राउ

प्रस, वीरगंज, १३ कात्तिक/

पर्सा प्रहरीले गाँजा र लागूऔषधसहित तीनजनालाई पक्राउ गरेको छ।

पटेर्वासुगौली गाउँपालिका–५ निचुटा नौगछियाबाट प्रहरीले १० किलो गाँजासहित जगरनाथपुर गाउँपालिका वडा नं ५ सुहपुरका ४५ वर्षीय हीरामन यादवलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीका प्रहरी निरीक्षक रामराजा केशरीले बताए।

अस्थायी प्रहरी चौकी सुपौलीबाट खटिएको प्रहरी गस्ती टोलीले निचुटाको नौगछियास्थित सडकमा यादव सवार बिआर२२एई६७४० नम्बरको मोटरसाइकल रोकेर चेकजाँच गर्दा मोटरसाइकलमा रहेको बोराबाट उक्त गाँजा बरामद गरेको हो।

गाँजासहित पक्राउ परेका यादवलाई इप्रका, पटेर्वासुगौलीमा राखेर



तस्वीरः सौजन्य




लागूऔषधसम्बन्धी कसूरमा थप अनुसन्धान भइरहेको पर्सा प्रहरीले जनाएको छ।

यसैगरी, शनिवार दिउँसो अस्थायी प्रहरी पोस्ट, इनर्वाले भारतबाट नेपाल आउँदै गरेका दुईजना युवकलाई लागूऔषधसहित पक्राउ गरेको छ।

चितवनको कालिका नगरपालिका–६ बस्ने १९ वर्षीय सुजन तिवारीको साथबाट खैरो हिरोइन १.५ ग्राम र कालिका नपा–३ बस्ने १९ वर्षीय शक्ति परियारको साथबाट लागूऔषध नाइट्राभेट २७० थान बरामद भएको जिप्रका, पर्साले जनाएको छ।

# राष्ट्रसङ्घीय महासचिवको भ्रमणले शान्ति मिशनमा जगाएको आशा

विचार



कृष्ण अधिकारी

**द्वन्द्वरत मुलुकमा शान्ति स्थापनामा नेपाली सेनाले प्रस्तुत गर्दै आएको कार्यकुशलता र व्यावसायिक दक्षताको राष्ट्रसङ्घले प्रशंसा गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हालै संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बैठकमा विश्व शान्ति स्थापनामा नेपाली सैनिक विश्वमा लोकप्रिय बन्दै गएको बताएका छन्।**

नेपालको चार दिने औपचारिक भ्रमणमा आएका संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हिजो उच्च सरकारी अधिकारी एवं प्रमुख राजनीतिक दलका शीर्ष नेताहरूसँगको भेटमा राष्ट्रसङ्घ र नेपालबीचको लामो मित्रवत् सम्बन्धका बारेमा चर्चा गरे। खासगरी नेपालले भोग्दै आएको जलवायु परिवर्तनबाट सिर्जित समस्याप्रति उनले गहिरो चिन्ता मात्र व्यक्त गरेनन्, आफ्नो कुनै संलग्नता नै नभएको विश्वव्यापी सङ्कटको आँधीमा फसेको नेपालजस्तै राष्ट्रलाई अत्यधिक अन्तर्राष्ट्रिय सहयोग आवश्यक रहेको र यसका लागि विकसित राष्ट्र अगाडि आउनु जरुरी भएको उल्लेख गरेबाट नेपालप्रतिको उनको स्नेह प्रस्ट झल्किन्थ्यो।

उनले विगत ३० वर्षमा नेपालले एक तिहाइ हिउँ गुमाएको प्रसङ्गसमेत उल्लेख गर्दै यहाँका हिमनदी उच्च गतिमा पग्लिरहेकामा चिन्ता व्यक्त गरे। नेपाल र संयुक्त राष्ट्रसङ्घले आपसी सहकार्य गरी काम गर्न खोजेको र यसबाट समस्याको पहिचान र समाधानका लागि अन्तर्राष्ट्रिय सहयोगको सम्भावना खोज्न सहयोग पुग्ने महासचिव गुटेरेसको भनाइले आगामी दिनमा राष्ट्रसङ्घसँग नेपालको सम्बन्धलाई अझ फराकिलो तुल्याउन सहयोग पुग्ने आशा गर्न सकिन्छ।

नेपालको सामाजिक-आर्थिक विकासमा राष्ट्रसङ्घको सहयोग उत्तिकै महत्त्वपूर्ण रहेको सन्दर्भमा शिक्षा, स्वास्थ्यलगायत सामाजिक विकासका क्षेत्रमा पुऱ्याएको सहयोगले दिगो विकास लक्ष्य हासिल गर्न सहज भएको छ। संयुक्त राष्ट्रसङ्घको ७८औं महासभामा भाग लिन अमेरिकाको न्यूयोर्क गएका बेला प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले महासचिव गुटेरेसलाई नेपाल भ्रमणाको निम्तो दिएका थिए। राष्ट्रसङ्घको नेतृत्वबाट १५ वर्षपछि भएको नेपाल भ्रमणले निकै महत्त्वपूर्ण अर्थ राख्छ। संयोग नै मान्नुपर्छ प्रधानमन्त्री प्रचण्ड नै प्रधानमन्त्री भएका बेला यसअघि महासचिव बान कि मुनले नेपाल भ्रमण गरेका थिए। विश्वमा इजरायल र हमासबीच युद्ध चर्किरहेको छ भने लेबनान, सिरियालगायत विभिन्न देश अशान्त बनिरहेका बेला पनि संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले नेपाल भ्रमणलाई प्राथमिकता दिनु आफैंमा पनि महत्त्वपूर्ण विषय हो।

भ्रमणाका बेला नेपालका सुरक्षाकर्मीले राष्ट्रसङ्घ मातहत रहेर विश्वका द्वन्द्वग्रस्त मुलुकमा पुऱ्याउँदै आएको शान्ति स्थापनाका बारेमा प्रधानमन्त्री, परराष्ट्र, रक्षा र गृहमन्त्री तथा प्रमुख राजनीतिक दलका नेताहरूसँगको भेटवार्तामा पनि छलफल भएको थियो। यसले आगामी दिनमा थप शान्ति सैनिक पठाउन र युएनका माथिल्लो तहमा पनि नेपाली पदाधिकारीलाई पुग्नका लागि सहज हुने विश्वास गरिएको छ। नेपालको यस भ्रमणले कुनै न कुनै रूपमा नेपालको मुद्दा अन्तर्राष्ट्रिय समुदायमाझ पुऱ्याउन मदत गरेको छ। संयुक्त राष्ट्रसङ्घसँग नेपालको सम्बन्ध खासगरी शान्ति सेना, जलवायु परिवर्तन, दिगो विकास लक्ष्य, शान्ति प्रक्रिया अनि अन्य आर्थिक-सामाजिक विकासका मुद्दाका कारण गहिरो गरी जोडिएको छ।

महासचिव गुटेरेसको भ्रमणले आगामी दिनमा विश्व शान्ति स्थापनामा नेपालले पुऱ्याउँदै आएको योगदानको उच्च कदर हुने वातावरण मिलेको छ। संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति अभियानमा नेपालको ६५ वर्षदेखि दर्बिलो साथ र सहयोग रहँदै आएको छ। अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्ने, राष्ट्रबीच मैत्रीपूर्ण सम्बन्ध विकास गर्ने तथा आर्थिक, सामाजिक, सांस्कृतिक वा विश्व कल्याणकारी प्रकृतिका अन्तर्राष्ट्रिय समस्या समाधान गर्ने संयुक्त राष्ट्रसङ्घको मुख्य उद्देश्य हासिल गर्न नेपाल शुरूदेखि नै सक्रिय रहेको छ। नेपालले संयुक्त राष्ट्रसङ्घको विश्व शान्ति प्रयासमा शान्ति सेना पठाएर आफ्नो औकात अनुसारको प्रभावकारिता देखाएको छ। संयुक्त राष्ट्रसङ्घको शान्ति सेना कार्यक्रम त्यसको एउटा मुख्य अङ्ग हो। नेपाली सेनाले जटिल खालका द्वन्द्वग्रस्त क्षेत्रमा गएर शान्ति, अन्तर्राष्ट्रिय सुरक्षा स्थापनामा छ दशकभन्दा बढी महत्त्वपूर्ण योगदान गरिसकेको छ।

विश्वमा शान्ति स्थापनाका लागि नेपाली सेनाको योगदान उच्च रहेको छ। नेपाल भौगोलिक हिसाबले सानो, दुई शक्तिशाली छिमेकी राष्ट्रका बीचमा तरुलजस्तै रहेको भएपनि यसको वीरताको गाथालाई कसैले बिर्सेका छैनन्। पछिल्लो समयमा विश्वलाई चिनाउने गरी नेपाली सेनाले संयुक्त राष्ट्रसङ्घको शान्ति स्थापनामा काम गरिरहेको छ, जुन नेपालको गौरवको विषय हो। शान्ति सेनामा पुऱ्याएको योगदानकै कारण नेपालले सन् १९६९ र १९८८ मा दुईपटक राष्ट्रसङ्घीय सुरक्षा परिषद्को अस्थायी सदस्य हुने अवसरसमेत पायो। त्यतिमात्र होइन, विभिन्न विश्व मञ्चमा नेपालले आफ्नो विश्व शान्ति, मानव अधिकारको प्रत्याभूति र साना राष्ट्रको सवालमा प्रस्टसँग राख्ने अवसर पाएको छ। भगवान् गौतमबुद्धको जन्मस्थल र विश्वको सर्वोच्च शिखर सगरमाथाको देशबाट परिचित नेपाल पछिल्लो ६० वर्षदेखि उत्कृष्ट र अब्बल शान्ति सेनाको देशको नामबाट पनि चिनिन थालेको छ। विश्व शान्ति स्थापनामा सेनाबाट आर्जित शक्तिले विकास गरेको कूटनीतिकै कारण नेपाललाई आज विश्वले चिनेको छ।

सन् १९५५ मा संयुक्त राष्ट्रसङ्घको सदस्य बनेदेखि नै नेपालले खासगरी विश्व शान्तिका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ। सन् १९५८ मा राष्ट्रसङ्घको विशेष आग्रहमा नेपाल सरकारले पहिलोपटक द्वन्द्वग्रस्त मुलुक लेबनानमा पाँच नेपाली सैनिक पर्यवेक्षक टोली खटाएको थियो। सन् १९७४ मा इजिप्टमा नेपाली सेनाको श्री पुरानो गोरख गण पहिलोपटक कन्टिजेन्टका रूपमा खटिएको थियो। यस अवधिमा लगभग ४४ वटा मिशनमा एक लाख ४६ हजार ६२३ नेपाली शान्ति सैनिकले भाग लिइसकेका छन्। ७ अगस्त, २०२२ को तथ्याङ्क अनुसार संसारका १२ मिशनमा पाँच हजार ५६८ र नेपाली सेना (जसमा २९५ जना महिला) र यीमध्ये १९४ जना सशस्त्र प्रहरी बलबाट र ४२ जना प्रहरीबाट सहभागी भएका छन्। नेपाल संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा योगदान दिने दोस्रो देश बनेको छ।

नेपाली सेनाले १० देशमा शान्ति स्थापना कार्यका लागि तैनाथ ११ विभिन्न मिशनमा सक्रिय सहभागी भई आफ्नो जिम्मेवारी कुशलतापूर्वक निर्वाह गरिरहेको छ। यस अवधिमा सेनाले उच्चपदस्थ सैनिक अधिकारीदेखि मिलिटरी कन्टिन्जेन्ट, पर्यवेक्षक र स्टाफ, अफिसर, मेडिकल डाक्टर तथा इन्जिनीयरसम्मका जनशक्तिले विश्व शान्ति स्थापनामा काम गरिसकेका छन्। ती द्वन्द्वरत मुलुकहरूमा संयुक्त राष्ट्रसङ्घीय शान्ति स्थापना टोलीमार्फत देशको छवि उँचो बनाउँदै विश्वव्यापी मानव अधिकारका लागि नेपाली शान्ति सैनिकले पुऱ्याएको योगदान कम महत्त्वपूर्ण छैन।

शान्ति सेनामा सक्रिय सहभागिताले मुलुकको कूटनीतिक इतिहासमा नयाँ इँटा थप्ने अवसर मात्र दिएको छैन, विश्व मञ्चमा आफ्नो उपस्थितिलाई सार्थक तुल्याउने महत्त्वपूर्ण अवसर पनि प्राप्त भएको छ।

नेपालको परराष्ट्र नीतिको मार्गदर्शनका सिद्धान्तमा नै शान्ति र मानव अधिकार रहेकोले द्वन्द्वरत मुलुकमा खटिएर जाने सैनिकले पनि यसलाई नै मूलमन्त्र बनाएका छन्। विभिन्न द्वन्द्वरत देशहरूमा नेपालले पुऱ्याएको योगदान संसारका शक्तिशाली, वैभवशाली, शान्तिकर्मी राष्ट्रहरूले नजीकबाट हेरिरहेकाले नेपाललाई ती देशहरूमा आफ्नो शान्तिप्रति प्रतिबद्धताको छवि विस्तार गर्ने राम्रो अवसर मिलेको छ। नेपालको परराष्ट्र नीतिको एउटा मुख्य आधार भनेको संयुक्त राष्ट्रसङ्घमा खेल्ने भूमिका हो। शान्ति सेनामा ठूलो सङ्ख्यामा भाग लिनुले नेपालको परराष्ट्र नीतिमा राम्रो सफलता पाएको छ। राष्ट्र सफल हुन आन्तरिक र परराष्ट्र नीति दुवैमा सफल हुनुपर्छ। यी दुवै एकै सिक्काका दुई पाटा हुन्।

विश्व शान्ति र मानव अधिकार संरक्षणमा सैनिक योगदानकर्ताका रूपमा नेपाल दोस्रो स्थानमा छ। नेपालबाट नेपाली सेनातर्फ छ हजार ६४, नेपाल प्रहरीबाट ४४ र सशस्त्र प्रहरी बलका १९४ जना गरी कुल छ हजार २९९ जना शान्ति सैनिक विभिन्न मुलुकमा खटिएका छन्। यो सङ्ख्या केवल पहिलो मुलुक बङ्गलादेशले पठाएका सुरक्षाकर्मीभन्दा ९८० ले मात्र कम हो।

शान्ति मिशनमा महिला सैनिकतर्फ उच्च योगदान दिने राष्ट्रहरूको सूचीमा भने नेपाल विश्वमैं एक नम्बरमा रहेको छ। नेपालले विश्वकै सबैभन्दा धेरै ६१२ जना शान्ति सैनिकमा पठाएको छ। पहिलो नम्बरमा रहेको बङ्गलादेशले ५६६ र तेस्रोमा रहेको भारतको १२५ जना महिला शान्ति सैनिक रहेका छन्। नेपाल सरकारले अब १० हजार शान्ति सैनिक पठाउने तयारी गरेको छ। नेपाली सैनिकको माग उच्च छ, जतिखेर पनि फेरि माग हुने भएकाले थप सैनिक पठाउन सक्ने गरी तयारी अवस्थामा रहेको सरकारको भनाइ छ। यदि त्यति सङ्ख्यामा नेपाली सैनिकलाई पठाइएमा नेपाल पहिलो स्थानमा आउन सक्ने अवसर रहेको छ।

संयुक्त राष्ट्रसङ्घको शान्ति सेनामा पहिलो नम्बरको देश हुन सकेको अवस्थामा नेपालको आर्थिक, राजनीतिक र कूटनीतिक महत्त्व निहित हुन्छ। आर्थिकरूपमा त्यहाँ खटिने सैनिकले पाउने पारिश्रमिकले उनीहरूको आर्थिकस्तरमा सुधार ल्याउन मदत नै पुग्छ। राजनीतिक दृष्टिले विश्व शान्तिमा व्यावहारिकरूपमैं योगदान दिन सक्ने हैसियतमा नेपालको वर्चस्व बढ्छ। कूटनीतिकरूपमा राष्ट्रसङ्घको महासभामा सुरक्षा परिषद्को अस्थायी सदस्यमा चुनाव लड्न थप बल पुग्छ। पछिल्लो समय कूटनीतिकरूपमा लबिङ गर्न नसक्दा महासभाको सभापति र सुरक्षा परिषद्को अस्थायी सदस्यका लागि भएका निर्वाचनमा पराजय भोग्नुपरेको तीतो अनुभव छ।

द्वन्द्वरत मुलुकमा शान्ति स्थापनामा नेपाली सेनाले प्रस्तुत गर्दै आएको कार्यकुशलता र व्यावसायिक दक्षताको राष्ट्रसङ्घले प्रशंसा गर्दै आएको छ। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले हालै संयुक्त राष्ट्रसङ्घको सुरक्षा परिषद्को बैठकमा विश्व शान्ति स्थापनामा नेपाली सैनिक विश्वमा लोकप्रिय बन्दै गएको बताएका छन्। उनले विश्व शान्ति स्थापनामा नेपाल महत्त्वपूर्ण साझेदार रहेको र यो साझेदारी युगौंसम्म कायम रहने विश्वास पनि व्यक्त गरेका छन्। रासस



बडादशैंको अन्तिम दिन शनिवार कात्तिक पूर्णिमामा पवित्र तीर्थस्थलमध्ये एक मधेस प्रदेशको जनकपुरधाममा रहेको रामजानकी मन्दिरमा व्रतालु, तीर्थालु, दर्शनार्थीलगायत आन्तरिक तथा बाह्य पर्यटकहरूको भीड निकै थियो। स्वदेश तथा विशेषगरी भारतका विभिन्न प्रान्तबाट बर्सेनि लाखौंको सङ्ख्यामा आन्तरिक तथा बाह्य पर्यटकहरू आउने गर्छन्। विगतका वर्षहरूको तुलनामा यस मन्दिर परिसरलगायत शहरका सडकको सरसफाइमा सुधार आए पनि सडक अतिक्रमण गरी व्यापार, व्यवसाय, गर्ने, छाडा चौपायाको उचित व्यवस्थापन जरुरी छ। अझ लामखुट्टे नियन्त्रण गर्न सके मधेस प्रदेशको राजधानी जनकपुरधामले सबैको मन जित्न सक्थ्यो। निरन्तर गरिने अभियानले अवश्य परिवर्तन सम्भव छ। केवल निरन्तरता, जिम्मेवारी, कर्तव्य, इमानदारीका साथ सही कार्यको प्रशंसा आवश्यक रहन्छ।
शब्दचित्रः जीतलाल श्रेष्ठ, बारा

## फरक समाचार

### सातामा ७० घण्टा काम गर्दा स्वास्थ्यमा पर्ने असर

जब इन्फोसिसका संस्थापक नारायण मूर्तिले युवाहरूलाई सातामा ७० घण्टा काम गर्ने सल्लाह दिएपछि अहिले सामाजिक सञ्जालमा बहस हुन थालेको छ।



कसैले उनको सुझावलाई बेतुक भन्दैछन् भने कसैले समर्थन गर्दैछन्। तर सातामा ७० घण्टा काम गर्दा स्वास्थ्यमाथि कस्तो असर पर्छ, त्यसबारे विज्ञहरूको सुझाव यस प्रकार छन् :

केही चिकित्सकले ७० घण्टा काम गर्दा दिनचर्यासँग सम्बन्धित रोग हुन सक्ने बताएका छन्। युवाहरूलाई कडा मेहनतको साथै स्वस्थ आहार र पर्याप्त निद्रा चाहिन्छ। यसको अलावा उनीहरूले प्रतिदिन कसरत पनि गर्नुपर्छ। त्यस्तै, केही विज्ञहरूले भनेका छन- एक सातामा ७० घण्टा काम गर्नुपर्ने नियमले उनीहरू बढी महत्त्वाकाङ्क्षी हुनेछन्, तसर्थ परिणाम उत्कृष्ट बनाउन टीम मेम्बरबीच कामलाई बाँड्नुपर्छ। कुनै पनि कर्मचारीसँग बढी काम गराउनुहुँदैन, यसबाट उनीहरूको फिजिकल र साइकोलोजिकल कन्डिशनमाथि नराम्रो असर पर्छ।

जब इन्फोसिसका फाउन्डर एनआर नारायण मूर्तिले हालै सुझाव दिएका थिए कि देशको उत्पादकत्व बढाउनको लागि युवाहरूले सातामा ७० घण्टा काम गर्नुपर्छ। सामाजिक सञ्जालमा केही व्यक्तिले ओभर वर्क कल्चरलाई बढावा दिन मूर्तिले दिएको सुझावको आलोचना गरेका छन् भने केहीले उनको प्रशंसा पनि गरेका छन्।

दिल्लीका चिकित्सकले चेतावनी दिंदै भनेका छन्, बढी काम गर्दा कर्मचारीलाई मधुमेह, सर्वाइकल वा स्पोन्डिलाइटिसजस्ता लाइफस्टाइल रोगको शिकार हुन्छन्। कार्यालय वा घरमा रक्सी, धुम्रपान र जङ्क फूड खाँदा युवाहरूको स्वास्थ्यमाथि नकारात्मक असर पार्छ र उनीहरूको चिन्ता र दुःखलाई झनै बढाउँछ।

दिल्लीको अपोलो अस्पतालमा इन्टरनल मेडिसिनका सिनियर कन्सल्टेन्ड डा सुरनजीत चटर्जीले पिटिआई-भाषासँग भने- कडा मेहनतको मतलब यो होइन कि तपाई आफ्नो स्वास्थ्यलाई बेवास्ता गर्नुस् वा सम्झौता गर्नुस्। हार्डवर्क गर्नु ठीक हो तर मान्छेले आफ्नो चाहनाको साथसाथै स्वास्थ्यको पनि ध्यान राख्नुपर्छ। यसैले पोषक खानेकुरा, निद्रा र समयमा कसरतको साथ सन्तुलन मिलाएर राख्नुपर्छ।

### बालबालिकालाई बढी नून खान नदिऔं

छ महीनाका बालबालिकालाई आमाको दूध मात्र दिनुपर्छ। छ महीनापछिका बालबालिकालाई दालको पानी, जाउलो खुवाउन सकिन्छ। बच्चालाई शुरूमा हलुका खानेकुरा दिनुपर्छ किनभने यिनीहरूको पाचन क्षमता कमजोर हुन्छ। तर केही अभिभावकले एक वर्षभन्दा कम उमेरका बालबालिकालाई चिप्स, चकलेटलगायतका खानेकुरा दिन्छन्। जब बच्चाले नयाँ खानेकुरा खान थाल्छन्, तब अभिभावक खुशी हुन्छन्। तर यस उमेरका बालबालिकालाई नून वा चिनी खान दिनुहुँदैन। यसले उनीहरूको स्वास्थ्यमाथि निकै असर पार्छ। एक वर्षभन्दा कम उमेरका बालबालिकालाई चिनी र नून खान दिनुहुन्छ भने भविष्यमा उनीहरूलाई गम्भीर रोग लाग्न सक्छ। यस सम्बन्धमा बालरोग विशेषज्ञ डा पवन मन्डावियाले बताएका छन्:



**मिर्गौलाको प्रक्रिया प्रभावित हुन्छः** यदि तपाईंले पनि आफ्ना ससाना छोराछोरीलाई खानामा बढी नून खुवाउनुहुन्छ भने यसले मिर्गौलामा नराम्रो असर पार्छ। बढी नून खाएपछि शरीरमा नूनको स्तर बढ्छ, बच्चाको मिर्गौला नून बाहिर निकाल्न अक्षम हुन्छ। यस प्रकार उनीहरूको मिर्गौलामा दिनदिनै दबाब बढ्छ र एक समयपछि मिर्गौलासँग सम्बन्धित रोगको कारण बन्न सक्छ। साथै बढी नून खुवाउँदा उनीहरूको शरीरमा सोडियमको स्तर बढ्न सक्छ र पथरीलगायतका समस्या हुन्छन्।

**उच्च रक्तचापः** यदि बालबालिकालाई बढी नून खुवाउनुहुन्छ भने उनीहरूलाई रक्तचापको समस्या हुन सक्छ। यस उमेरमा उनीहरूलाई शारीरिक समस्या नभए पनि विशेषज्ञका अनुसार पछि गएर उनीहरूलाई उच्च रक्तचापको समस्या हुन्छ।

**शरीर डिहाइड्रेटः** जुन बच्चाको शरीरमा धेरै नून हुन्छ, उनीहरूलाई बढी पसिना र पिसाब आउने समस्या हुन्छ। जसले गर्दा शरीरबाट पानीको मात्रा निकै बढी निस्किन्छ र डिहाइड्रेटको समस्या हुन्छ। – प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

### उखुको जुसबाट हुने फाइदा

- ऊर्जा बढाउने प्राकृतिक पेय।
- क्यान्सरबाट बचाउँछ।
- पाचन क्रिया राम्रो बनाउँछ।
- दाँत मजबूत बनाउँछ।
- छालामा निखार ल्याउँछ।
- वचन कम गर्न सहायक हुन्छ।
- कोलेस्ट्रोलको स्तर कम गर्न सहयोग गर्छ।



## अन्तर्राष्ट्रिय समाचार

# भारतमा रेल दुर्घटनामा मर्नेको सङ्ख्या १३

अमरावती, १३ कात्तिक/एएनआई

भारतको आन्ध्र प्रदेशमा रेल दुर्घटनामा मर्नेको सङ्ख्या १३ पुगेको छ। विजयनगरम जिल्लामा दुर्घटना भएको र उद्धार कार्य जारी रहेको प्रहरीले जनाएको छ।


तस्वीरः एएफपी

विजयनगरमका प्रहरी सुपरिटेन्डेन्ट एम दीपिकाले भनिन्, “अहिलेसम्म १३ जनाको मृत्यु भएको छ, तीमध्ये सातजनाको सनाखत भएको छ र अन्यको पहिचान हुन बाँकी छ।” यसअघि इस्ट कोस्ट रेलवेका सिपिआरओ विश्वजीत साहुले ट्र्याक पुनर्स्थापनाको काममा ध्यान दिइएको बताएका थिए।

“उद्धार कार्य अहिले सकिएको छ, हामीले फसेका यात्रीहरूका लागि बस र रेलको व्यवस्था गरेका छौं, १८ वटा रेल रद्द गरिएका छन् र २२ वटा रेलका मार्ग परिवर्तन गरिएका छन्, हामी आज साँझ ४ बजेसम्म ट्र्याक खाली गर्ने प्रयास गरिरहेका छौं,” उनले भने।

उनले सामान्य घाइतेलाई नजीकैको अलामान्दा अस्पतालमा भर्ना गरिएको पनि जानकारी दिए। “सामान्य घाइते भएकाको अलामान्दा अस्पतालमा प्राथमिक उपचार भइरहेको छ, गम्भीर घाइतेलाई विजयनगरम र विशाखापट्टनम अस्पतालामा लगिएको छ, हामीले फसेका यात्रीहरूका लागि रेल र बसको व्यवस्था गरेका छौं, केही रेललाई रद्द र डाइभर्ट गरेका छौं, हामीले सहायता डेस्क स्थापना गरेर यात्रीहरूलाई एसएमएसमार्फत सूचित गरिरहेका छौं,” उनले भने।

“हाम्रो दुई एआरटी (एक्सिडेन्ट रिलिफ ट्रेन) टीमले त्यहाँ काम गरिरहेका छन् र सम्बलपुर मुख्यालय डिभिजनका सबै कर्मचारी पनि त्यहाँ काम गरिरहेका छन्, साँझ ४ बजेसम्म ट्र्याक सफा गर्ने प्रयास गरिरहेका छन्,” उनले भने।

आइतवार साँझ आन्ध्र प्रदेशको विजयनगरम जिल्लामा विशाखापट्टनम–रगडा यात्रीवाहक रेल सोही मार्गबाट गइरहेको विशाखापट्टनम–रगडा रेलसँग ठोक्किएपछि केही डिब्बा लिकबाट खसेको अधिकारीहरूले बताएका छन्। डिभिजनल रेलवे व्यवस्थापकले दुर्घटनामा तीनवटा डिब्बा संलग्न रहेको बताए। रासस

# गाजामा सहयोग रोक्नु ‘अपराध’ हुन सक्छ– आइसिसी

कायरो, १३ कात्तिक/एएफपी

अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसिसी)का प्रमुख अभियोजकले गाजामा मानवीय सहयोग रोक्नु मानवीय अपराध हुन सक्ने आइतवार चेतावनी दिएका छन्।

“जेनेभा महासन्धिले प्रदान गरेको राहत आपूर्तिमा अवरोध उत्पन्न गर्नु अदालतको क्षेत्राधिकारभित्र अपराध हुन सक्छ,” कायरोमा पत्रकारहरूसँग करिम खानले भने।

उनले इजिप्टको रफाह क्रसिङको भ्रमण गरेपछि सो कुरा बताएका हुन्। उनले अत्यावश्यकीय सामग्रीले भरिएका ट्रकहरू रफाह क्रसिङमा रोकिएको र गाजामा प्रवेश नपाएको बताए।

“मैले मानवीय सहयोगसहित भरिएका ट्रकहरू त्यहाँ रोकिएको देखें, जहाँ कसैलाई त्यो सहयोग आवश्यक थिएन, इजिप्टमा रोकिएको थियो, रफाहमा रोकिएको थियो,” उनले भने, “यी आपूर्ति गाजाका नागरिकहरूलाई कुनै ढिलाइ नगरी उपलब्ध गराउनुपर्छ।”

हाल हमास नियन्त्रित प्यालेस्टिनी क्षेत्रमा अन्तर्राष्ट्रिय सहयोग प्रवेश गराउने रफाह एउटा मात्र प्रवेशबिन्दु हो। हमास नियन्त्रित उक्त क्षेत्रले पूर्ण घेराबन्दी र इजरायली बमबारीको सामना गरिरहेको छ।

इजरायली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा हमासका बन्दुकधारीहरूले सीमा पार गरेर गरेको हमलापछि इजरायलले गाजालाई घेराबन्दी गरेको छ र ठूलो मात्रामा बमबारी शुरू गरेको छ। हमासले गरेको हमलामा अधिकांश सर्वसाधारणसहित एक हजार चार सयजना मारिएका थिए भने हमासले २३० जना नागरिकलाई बन्धक बनाएको थियो।

इजरायलले गरेको जवाफी हमलामा अहिलेसम्म आठ हजारभन्दा बढी मानिस मारिएको र तीमध्ये आधाजति बालबालिका रहेको हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले बताएको छ।

अक्टोबर २१ मा रफाह क्रसिङमार्फत सीमित सहयोग सामग्री वितरण शुरू भएको थियो र अहिलेसम्म ११७ वटा ट्रक रफाह क्रसिङबाट गाजा प्रवेश गरेका छन्। घेराबन्दी हुनुभन्दा पहिला सहयोग सामग्री र अन्य सामग्री लिएर करीब पाँच सय ट्रक प्रत्येक दिन गाजामा प्रवेश गर्थे।

गाजामा सर्वसाधारणलाई आधारभूत खाद्यान्न र औषधि सुनिश्चित गर्नका लागि इजरायलले विना कुनै ढिलाइ ठोस प्रयास गर्नुपर्ने आफूले इजरायललाई स्पष्टरूपमा भन्न चाहेको खानले बताए।

आइतवार संयुक्त राष्ट्रसङ्घले प्यालेस्टिनी शरणार्थीका लागि उसको एजेन्सी युएनआरडब्लुएले गाजामा सञ्चालन गरेको खाद्यान्न सहायता केन्द्रहरूमा लुटपाट भएपछि सार्वजनिक व्यवस्था बिग्रन सक्ने चेतावनी दिएको थियो।

राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले मृतकहरूको सङ्ख्या बढ्दै गएको र आवश्यक खाद्यान्न, पानी, औषधि र आश्रयको आपूर्ति कम हुँदै गएकाले गाजा क्षेत्रको अवस्था प्रत्येक घण्टा भयावह हुँदै गएको बताए।

इजरायलीले प्यालेस्टिनी क्षेत्र वा प्यालेस्टिनीले इजरायली क्षेत्रमा गरेको जुनसुकै अपराधको पनि आफ्नो कार्यालयमा अनुसन्धान भइरहेको खानले बताए।

“यसमा गाजा र पश्चिम किनारमा भएका हालका घटना सामेल छन्,” उनले भने, “सन् १९६७ देखि इजरायलले कब्जामा लिएको क्षेत्रमा प्यालेस्टिनी नागरिकहरूविरुद्ध त्यहाँ बस्नेहरूले आक्रमण गरेका घटनाको सङ्ख्या बढ्दै गएको रिपोर्टले म अत्यन्त चिन्तित छु।”

खानले बन्धक बनाउनु जेनेभा महासन्धिको उल्लङ्घन भएकोमा पनि जोड दिए। “हमासले इजरायलबाट बन्धक बनाएका सबैलाई तत्काल रिहा गर्न र परिवारसँग उनीहरूको सुरक्षित फिर्तीका लागि आग्रह गर्दछु,” उनले भने, “हमाससँगको युद्धमा इजरायलको नैतिक दायित्व मात्र नभएर युद्धका कानूनहरूको पालना गर्ने पनि दायित्व छ, यो नियम इजरायलमा अन्धाधुन्ध रकेट हमला गर्ने हमासमा पनि समानरूपमा लागू हुन्छ।” रासस


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसो: ३:४० बजे



### मोटरसाइकल चोरी भएको सूचना

चेसिस नं MD2A36FX7MCJ99985, इन्जिन नं JLXCMJ95280 भएको मधेस प्रदेश–०३–००२७प ७८९९ नम्बरको बजाज कम्पनीको २०० CC NS को हलुका कालो रङ्गको पल्सर मोटरसाइकल २०८०/०२/२३ गते बिहान ११ बजे बारा, कलैया उपमनपा–४ स्थित डा नन्दकिशोरको घरअगाडिबाट चोरी भएकोले फेला पार्नुहुने महानुभावले नजीकैको प्रहरी कार्यालय वा मोनं ९८०३८८०३३१ मा खबर गरिदिनुभएमा उचित पुरस्कार दिइनेछ।

- **रेवती साह सोनार**
विश्रामपुर गाउँपालिका–७, बारा



**यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।**

बिल, बूक, खाता | क्यालेन्डर, ब्रोसर, पोस्टर | विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी | भिजिटिङ कार्ड | फ्लेक्स, ब्यानर

**प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)**
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com


# जङ्गलमा बाँदर भुलाउन फलफूलखेती

भरतपुर (चितवन), १३ कात्तिक/रासस

देवघाटका सामुदायिक वनमा बाँदरका लागि फलफूलखेती शुरू गरिएको छ। बाँदरले खेतीबाली खाएर हैरान बनाएपछि देवघाट गाउँपालिका–५ स्थित चक्रवर्ती सामुदायिक वनले जङ्गलमा फलफूलका बिरुवा रोप्न थालेको हो।

जङ्गलमा आहारा मासिँदै गएपछि बाँदरले बस्तीमा छिरेर बाली नष्ट गर्न थालेपछि जङ्गलमा फलफूलखेती थालिएको चक्रवर्ती सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष दिलबहादुर गुरुङले जानकारी दिए। “मैले बाँदर रोक्न केही विकल्प देखेको छैन, कि त तारबार लगाएर निश्चित ठाउँमा राख्नुपर्‍यो होइन भने सबै सामुदायिक वनमा फलफूलका बिरुवा रोप्नुपर्छ,” उनले भने, “हामीले त फलफूलका बिरुवा रोप्न शुरू गरेका छौं।” १० कट्ठा क्षेत्रफलमा लिचीका ७० र आँपका ८० वटा बिरुवा रोपेको उनले बताए। यसलाई विस्तार गर्दै लैजाने योजना रहेको गुरुङले बताए।

देवघाट क्षेत्रमा कमलादेवी सामुदायिक वन, सुनझाँक्री सामुदायिक वन, गणदेवी सामुदायिक वन, साँडेबर सामुदायिक वन, देउती सामुदायिक वन, मधु सामुदायिक वन, चक्रवर्ती सामुदायिक वन, बगली सामुदायिक वन, चौकीडाँडा सामुदायिक वनलगायतका ११ वटा सामुदायिक वन छन्। यी वनमा चार हजारको हाराहारीमा बाँदर रहेका अनुमान गरिएको छ। यी बाँदरलाई गाउँ पस्न नदिनका लागि वनमा फलफूलको बिरुवा रोप्नुपर्ने गुरुङको भनाइ छ।

एक दशकदेखि देवघाट क्षेत्रमा बाँदरले हैरान बनाउँदै आएको छ। बाँदरको त्रास बढ्दै गएकाले यहाँका बाँदरलाई व्यवस्थापन गर्ने विषयमा क्षेत्र विकास समिति र सम्बन्धित निकायले चासो दिनुपर्ने स्थानीय बताउँछन्। बढी मात्रामा वृद्धवृद्धा र केटाकेटीलाई बाँदरले झम्टिने गरेका छन्।

यहाँका घरमा लगाइएका जस्तापाता पनि बाँदर उफ्रेर एक वर्षमैं पानी चुहिने बनाइदिन्छन्। यहाँका केही बाँदरलाई दुई वर्षअघि अन्यत्रै स्थानान्तरण गर्ने प्रयास गरिएको थियो। त्यसपछि बाँदरमैत्री पार्क निर्माण गर्ने योजनासमेत बनेको थियो। तर सफल भएको थिएन।

“गाउँपालिकाबाट दुई वर्षअघि आहार खानपिनका लागि बाँदर पार्क बनाउने निर्णय भएको थियो। त्यसले पनि भएन। बाहिर लगेर व्यवस्थित गर्नुपर्‍यो भनेर केही बाँदर लगियो। त्यो पनि भएन,” अध्यक्ष गुरुङले भने, “बाँदर नियन्त्रणको काम केन्द्रबाट नै पहल गर्नुपर्छ।” देवघाटका किसानलाई बाँदरबाट खेती जोगाउनसमेत मुश्किल छ। “बाँदरको आतङ्कले दिक्क बनायो, दुःख गरेर खेती गर्‍यो उत्पादन हुने बेलामा बाँदरले खाइदिने,” देवघाट–५ देउपुरकी कल्पना थापामगरले भनिन्, “आधा बाँदरलाई आधा आफूलाई हो।” उनले बाँदरको समस्या दीर्घकालीनरूपमा समाधान गर्नका लागि सरकारले विशेष योजना ल्याउनुपर्ने बताइन्।

# नेप्से परिसूचकमा सामान्य अङ्कको सुधार

काठमाडौं, १३ कात्तिक/रासस

नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकमा सामान्य अङ्कको सुधार देखिएको छ। सोमवार नेप्से परिसूचक तीन दशमलव ०४ अङ्कले बढेर एक हजार ८७८ दशमलव ७० अङ्कमा कायम भएको छ।

आज २८७ कम्पनीका २८ लाख २४ हजार सात कित्ता शेयर ३० हजार २३७ पटक खरीद–बिक्री हुँदा रु ६९ करोड ४२ लाख २२ हजार २१७ बराबरको कारोबार भएको छ।

आज होटल तथा पर्यटन समूह शून्य दशमलव ४२, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ८० र म्युचुअल फन्ड शून्य दशमलव ४६ प्रतिशतले घटेका छन् भने अरू सबै समूहका उपसूचक बढेका छन्। आज सबैभन्दा धेरै निर्जीवन बीमा समूह शून्य दशमलव ८६ र व्यापार समूह शून्य दशमलव ८१ प्रतिशतले बढेका छन्।

आज सबैभन्दा धेरै पञ्चकन्यामाई हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव ८२ प्रतिशतले बढेको छ भने सबैभन्दा धेरै घट्नेमा सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको शेयर मूल्यमा नकारात्मक सर्किट लागेको छ।

कारोबार भएका शेयर सङ्ख्याका आधारमा आज सबैभन्दा धेरै साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको रु तीन करोड ६० लाख ७४ हजार ७४० बराबरको शेयर किनबेच भएको छ। कारोबार भएका शेयर सङ्ख्याका आधारमा भने सिद्धार्थ बैंक लिमिटेड प्रमोटर शेयर दुई लाख कित्ता किनबेच भएका छन्।

# पूँजीगत खर्चको तुलनामा ऋणको साँवाब्याज भुक्तानी करीब तीन गुणा बढी

काठमाडौं, १३ कात्तिक/रासस

चालू आर्थिक वर्ष २०८०/८१ को पहिलो तीन महीनामा सरकारले गरेको पूँजीगत खर्चको तुलनामा सोही अवधिमा भएको सार्वजनिक ऋणको साँवा र ब्याज भुक्तानी दायित्व करीब तीन गुणा बढी देखिएको छ। सरकारी ऋण बर्सेनि बढ्दै गएसँगै त्यसको साँवा र ब्याज भुक्तानीका लागि हुने खर्च पनि बढ्दै गएको हो।

महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्क अनुसार कात्तिक १२ गतेसम्ममा सरकारले रु २५ अर्ब ७८ करोड ९० लाख बराबर पूँजीगत खर्च गरेको छ। त्यस्तै, गत असोज मसान्तसम्ममा सरकारी ऋणको साँवा–ब्याज तिर्न रु ६७ अर्ब ७० करोड ७१ लाख खर्च भएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्याङ्कबाट देखिन्छ। यो अवधिमा भएको कुल पूँजीगत खर्चको तुलनामा सरकारी ऋणको साँवा–ब्याज तिर्न भएको खर्च करीब तीन गुणाले बढी हो।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयले प्रकाशित गरेको असोज मसान्तसम्मको सरकारी ऋणको विवरण अनुसार यो अवधिसम्ममा आन्तरिक ऋणको साँवा रु ४२ अर्ब ८४ करोड १७ लाख र ब्याज रु १३ अर्ब ७१ करोड ५० लाख ब्याज गरी कुल रु ५६ अर्ब ५५ लाख ६७ लाख बराबर भुक्तानी भएको छ।

त्यस्तै, बाह्य ऋणको रु आठ अर्ब ७० करोड ३६ लाख साँवा र रु दुई अर्ब ४४ करोड ६८ लाख ब्याज गरी कुल रु ११ अर्ब १५ करोड चार लाख बराबर भुक्तानी भएको छ। त्यस्तै, चालू आर्थिक वर्षको तीन महीना अवधिमा नेपालले रु ९७ अर्ब ३१ करोड बराबर आन्तरिक र रु नौ अर्ब ४७ करोड ८० लाख बाह्य गरी कुल रु एक खर्ब छ अर्ब ७८ करोड ८० लाख बराबर ऋण लिएको छ। योसँगै नेपालको कुल सार्वजनिक ऋण रु २३ खर्ब ५४ अर्ब ५९ करोड ५१ लाख पुगेको कार्यालयले जनाएको छ। गत असोज मसान्तसम्ममा नेपालले रु ११ खर्ब ८३ अर्ब ५७ करोड २१ लाख आन्तरिक र रु ११ खर्ब ७१ अर्ब दुई करोड ३१ लाख बाह्य ऋण तिर्न बाँकी देखिएको हो।

अर्कोतर्फ सरकारको घाटा बजेटको आँकडा पनि बढ्दै गएको छ। हालसम्म कुल तीन खर्ब तीन अर्ब ६५ करोड ३७ लाख बराबर बजेट खर्च हुँदा राजस्व सङ्कलन भने रु दुई खर्ब ४८ अर्ब २८ करोड ५० लाख बराबर देखिएको छ। अर्थात् हालसम्म सरकारको आम्दानीको तुलनामा खर्च रु ५५ अर्ब ६७ करोड बढी छ।

**महोत्तरीमा ...**

अधिकारीको अनुभव छ। “पछिल्ला १० वर्षभित्रका घटना केलाइँदा करीब बर्सेनि ठूलो परिमाणमा गाँजा यहाँ बरामद गरिएका छन्। ती घटना अधिकांश मकवानपुरसहितका पहाडतर्फका मानिस भेटिएका छन्,” प्रनाउ गिरी भन्छन्, “पहाडतर्फ उत्पादित गाँजा बाहिर पठाउन भारतीय तस्करसँग समन्वय गर्ने थलो महोत्तरीलाई बनाइएको घटनाले देखाउँछ।” प्रहरीले सक्रियतापूर्वक तस्कर जालो च्यात्ने काम गरिरहेको गिरीको भनाइ छ।

पछिल्ला १० वर्षयता महोत्तरीमा एकपटकमा १० क्वीन्टल (एक हजार किलो)सम्म गाँजा एकपटकमा बरामद गरिएको पुरानो घटना अभिलेखले देखाएको छ।

यहाँ गाँजाखेती हुन छाडे पनि यसको ओसारपोसारको समन्वय थलो भने तस्करले बनाएका पाइन्छ। यहाँ खेती गरिंदाको बेलाका भारतीयसहित अन्तर्राष्ट्रिय बजारका यसका कारोबारीको सम्बन्ध पुस्तान्तरण हुँदै अहिलेसम्म जिउँदो रहँदा यो ओसारपोसारको थलो कायम रहेको अड्कल गरिन्छ। यसबाहेक मकवानपुर, सिन्धुपलाञ्चोक र सिन्धुलीतिरबाट चोरबाटो अपनाउँदै चुरे काछ कटेर भारतीय सीमानजीक पुग्न महोत्तरी/सर्लाहीको भूगोल छोटो र सजिलो मानेर पनि यो धन्दामा लागेकाले ओसारपोसारको थलो यहाँ बनाएका हुन सक्ने सुरक्षा अधिकारीको आकलन छ।

नेपालका पहाडी जिल्लाका वनपाखामा उत्पादित गाँजा बाहिर पठाउन मात्र नभई भारतीय बजारबाट लागूऔषधय विभिन्न ठाउँमा पुर्‍याउन पनि महोत्तरीको भारतीय सीमावर्ती नाका बाक्लै प्रयोग भएको घटनाले देखाएका छन्।

जिल्लाको उत्तरी मुख्य व्यापारिक केन्द्र बर्दिबास नगरक्षेत्र लागूपदार्थ दुर्व्यसनीको अड्डा बन्दै गएको यहाँका सामाजिक अगुवाले चिन्ता जताउँदै आएका छन्। लागूपदार्थको दुर्व्यसन र यसको ओसारपोसार रोक्न प्रहरीको एक्लो प्रयत्न पर्याप्त नहुने प्रनाउ गिरी बताउँछन्।

स्थानीय तह, घरका अभिभावक, विद्यालयका शिक्षक, सामाजिक सङ्घसंस्थाका कार्यकर्ता र नागरिक समाजका प्रतिनिधिले लागूपदार्थ दुर्व्यसन र ओसारपोसारविरुद्ध सचेतना अभियानमा सचेततापूर्वक जोडिन आवश्यक रहेको बताएका छन्।

**को सम्माननीय ...**

विपक्षी दलका संसदीय दलको उपनेताको मर्यादा कायम रहनेगरी प्रस्ताव गरिएको छ।

जिल्ला समन्वय समितिका प्रमुखपछि महानगरपालिका प्रमुखको मर्यादाक्रम राखिएको छ। नेपालमा प्रजातन्त्रको पुनर्स्थापनापछि यसअघि गैरसरकारी विधेयकका रूपमा राष्ट्रिय मानव अधिकार आयोग, नेपाल स्वास्थ्य परिषद् र कानूनी सहायतासम्बन्धी विधेयक पेश गरिएको थियो। विगतदेखि नै आवश्यकता खड्किएको मर्यादाक्रमसम्बन्धी समस्या कानूनी बाटोबाट सम्बोधन गर्न लागिएको हो।

# गुनासो नआउने गरी काम गर्न नगरप्रमुख सिंहको निर्देशन

प्रस, वीरगंज, १३ कात्तिक/

वीरगंज महानगरपालिकाका प्रमुख राजेशमान सिंहले जगरनाथपुरमा सडक निर्माणको लागि आवश्यक बजेट व्यवस्थापन गर्ने बताएका छन् ।

सोमवार वीरगंज–२२ जगनाथपुर र मनियारीका स्थानीय बासिन्दासँग भेट गर्दै उनले आउजाउ गर्न सडकको समस्या रहेकाले यसै आवमा सडक निर्माणका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने बताए । उनले सो स्थानमा कबरगाहा निर्माण गर्ने पनि बताए ।


तस्वीरः प्रतीक

नगरप्रमुख सिंहले छठघाटको निर्माण र सजावट आकर्षक देखिने गरी गर्न निर्देशन दिए ।

महानगरपालिकाका योजना शाखा प्रमुख इन्जिनीयर अवधेश कुशवाहालगायतका टोलीसहित पुगेका नगरप्रमुख सिंहले हरेक निर्माण कार्य गुणस्तरीय गराउन निरन्तर अनुगमनमा खट्न इन्जिनीयरहरूलाई निर्देशन दिए ।

वडा नं २२ का अध्यक्ष द्वारिका महतोले वडावासीको समस्या बुझ्न नगरप्रमुख वडामा आउँदा आफूहरूलाई काम गर्ने हौसला मिलेको बताए ।

यसैगरी, नगरप्रमुख सिंहले मनियारीका जनतासँग भेटघाट गरी समस्याबारे जानकारी लिएका थिए ।

# चन्द्रावती खोलामा महिलाको शव भेटियो


तस्वीरः प्रतीक

प्रमोद यादव, पंचगावाँ, १३ कात्तिक/

जगरनाथपुर गाउँपालिका–४ स्थित चन्द्रावती खोलामा सोमवार बिहान सडेगलेको अवस्थामा एकजना महिलाको शव भेटिएको छ ।

खोलाछेउमा विवाहितजस्तो देखिन महिलाको आधा शरीर सडेगलेको अवस्थामा भेटिएको प्रहरीले जनाएको छ ।

शवको सनाखत हुन नसकेको इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीले जनाएको छ। शव शल्यपरीक्षणका लागि नारायणी अस्पताल, वीरगंज पठाइएको र घटनाबारे अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।


## नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं ।

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ ।

**त्यसैले,**

**सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं ।**

नेपाल सरकार

**विज्ञापन बोर्ड**





# गिट्टी, बालुवा लोड भएको सातवटा टिपर नियन्त्रण

प्रस, वीरगंज, १३ कात्तिक/

बारा प्रहरीले बढी परिमाणमा गिट्टी,



बालुवा लोड गरेको सातवटा टिपरलाई नियन्त्रणमा लिई कारबाइ प्रक्रिया अगाडि बढाएको छ ।

आइतवार राति ८:३० बजे जितपुरसिमरा उमनपा. वडा नं. १६ बाट प्रहरीले सातवटा गिट्टी, बालुवा लोड भएको टिपरलाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

प्रहरीले बिलभन्दा बढी परिमाणमा गिट्टी बालुवा लोड गरेको आरोपमा प्र.२–०३–००१.ख.७०८३, प्र.२–०३–००१ ख ६०३९, ना.८.ख.२३७९, ना.५ख ७२७९, ना.८ ख ४५२४, प्र.२–०३–००१ख ५९०४, प्र.२–३–००१ख ५५१४ न.को टिपरलाई नियन्त्रणमा लिएको जिप्रका, बाराले जनाएको छ ।

# गुणस्तरहीन हार्पिक उद्योगका सञ्चालक पक्राउ

प्रस, वीरगंज, १३ कात्तिक/

गुणस्तरहीन हार्पिक र अनुमति नै


तस्वीरः सौजन्य

नलिई मोबिल र एसिड बनाउने उद्योगमा बारा प्रहरीले छापा मारी सञ्चालकलाई नियन्त्रणमा लिएको छ ।

बाराको कलैया उपमहानगरपालिका–३ बस्ने सीतारामप्रसाद साहले वडा नं ४ मा सञ्चालन गरेको श्रुति केमिकल उद्योगमा प्रहरीले छापा मारेको थियो ।

सो उद्योगबाट गुणस्तरहीन हार्पिक र अनुमतिप्राप्त नगरी मोबिल र एसिड उत्पादन गरेको आरोपमा साहलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय, बाराले जनाएको छ ।

उद्योगबाट हार्पिक, मोबिल र एसिड बनाउने विभिन्न केमिकल, मेशीन र भाडाहरू नियन्त्रणमा लिएको जिप्रका, बाराले जनाएको छ ।

# खेलकूदको संसार

## परसवा गोल्डकपः जय हिन्द र पटेर्वासुगौली विजयी

प्रस, सेढवा, १३ कात्तिक/

जीराभवानी गाउँपालिका–३ मा जारी परसवा गोल्डकप २०८० को लिग चरणको सोमवारको पहिलो खेलमा जय हिन्द एभरेस्ट क्लब इनर्वा भारत विजयी भएको छ। इनर्वाले ठोरीलाई शून्यका विरुद्ध एक गोलले पराजित गरी तीन अङ्क प्राप्त


तस्वीरः प्रतीक

गरेको छ। इनर्वाका जर्सी नं १० का अन्तर्राष्ट्रिय खेलाडी लियोले निर्णायक गोल गरेका थिए। सो खेलमा इनर्वाको जर्सी नं १७ का प्रेमसी 'म्यान अफ दी म्याच' घोषित भए। प्रेमसीलाई नगद दुई हजारसहित ट्रफी पहिलो खेलका प्रमुख अतिथि एमालेका नेता भोला महतो थारूले प्रदान गरेका थिए।

त्यस्तै, आजै भएको दोस्रो खेलमा पटेर्वासुगौली देकुली विजयी भएको छ। पटेर्वासुगौलीले बुद्धनगरलाई शून्यका विरुद्ध तीन गोलअन्तरले पराजित गरी तीन अङ्क बटुलेको छ। यस खेलमा 'म्यान अफ दी म्याच' पटेर्वासुगौलीका जर्सी नं २० का सयमुल सुनार घोषित भए। सुनारलाई जीराभवानी गापा वडा नं २ का अध्यक्ष महादेव महतो थारूले नगद र ट्रफी प्रदान गरे। पटेर्वासुगौलीका लागि दीपेश राई, रञ्जीत आले र फैजुलले एक/एक गोल गरे। समूह 'ए'मा सेढवा र पटेर्वासुगौलीको ३–३ अङ्क रहेको छ भने बुद्धनगरको अङ्क शून्य छ। बुद्धनगरले सेढवासँग एक खेलमा प्रतिस्पर्धा गर्नेछ।

भोलिको लिग चरणको पहिलो खेल निचुटा र परसवाबीच हुनेछ। परसवा तीन अङ्कसहित समूह 'बी'को अग्रस्थानमा छ। त्यस्तै, दोस्रो खेल मनहर्वा बारा र सिद्धपुरबीच हुनेछ। सिद्धपुरको शून्य अङ्क रहेकोले नकआउटमा प्रवेश गर्न भोलिको खेलमा जित्नुपर्ने हुन्छ।

## आइसिसी टी–२० विश्वकप छनोट : युएई विजयी

काठमाडौं, १३ कात्तिक/रासस

आइसिसी टी–२० विश्वकप एशिया छनोट अन्तर्गत समूह 'बी'को पहिलो खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले बहराइनलाई पराजित गरेको छ। मूलपानी क्रिकेट मैदानमा सोमवार भएको खेलमा युएईले बहराइनलाई पाँच विकेटले पराजित गर्दै विजयी सुरुआत गरेको हो। बहराइनले दिएको १३६ रनको लक्ष्य युएईले १८ दशमलव दुई ओभरमा पाँच विकेट गुमाउँदै भेटायो। यस जीतसँगै युएईले प्रतियोगितामा दुई अङ्क जोडेको छ।

युएईका लागि अलि नासिरले सर्वाधिक ४८ रन बनाए। उनले २६ बलमा चार चौका र तीन छक्काको मदतमा अविजित ४८ रन बनाए। त्यस्तै, आसिफ खानले २३ रनको योगदान दिए भने कप्तान मोहम्मद वसिमले ११ रन बनाए। बसिल अहमदले ११ जोडे। बहराइनका लागि रिजवान बुट्टले दुई विकेट लिए भने साथिया विरापाथिरन, अब्दुल मजिद र सचिन कुमारले समान एक/एक विकेट झारे।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बहराइनले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १३५ रनको योगफल बनाएको थियो। बहराइनका लागि हैदर बुट्टले सर्वाधिक ५९ रन बनाए। उनले ४३ बलमा पाँच चौका र दुई छक्काको मदतले सर्वाधिक ५९ रन बनाएका हुन्। त्यस्तै, जुनेद अजिजले २५ रन जोडे भने सोहिल अहमदले २८ रन बनाए।

युएईका लागि जुनेद सिद्धिकी र आयान अफजल खानले समान दुई/दुई विकेट लिए भने अलि नासिर र कार्तिक मैइएप्पनले समान एक/एक विकेट झारे।

## नेपालले सिङ्गापुरलाई हरायो

काठमाडौं, १३ कात्तिक/रासस

आइसिसी टी–२० विश्वकप एशिया छनोटको आफ्नो पहिलो खेलमा नेपालले सिङ्गापुरलाई आठ विकेटले पराजित गर्दै प्रतियोगितामा सुखद सुरुआत गरेको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा सिङ्गापुरले दिएको १४६ रनको लक्ष्य नेपालले १६ दशमलव तीन ओभरमा मात्र दुई विकेट गुमाएर पूरा गर्‍यो। नेपालको जीतमा कुशल भुर्तेलले अर्धशतक प्रहार गरे। ओपनर भुर्तेलले ४८ बलमा आठ चौका र दुई छक्काको मदतमा सर्वाधिक ७४ रनको योगदान दिए।

त्यस्तै, रोहित पौडेलले अविजित ३५ रन बनाए। उनले २४ बलमा दुई चौका र दुई छक्कासहित ३५ रन बनाए। नेपालका अर्का ओपनर आसिफ शेख र कुशल भुर्तेलले नौ दशमलव एक ओभरमा ८४ रनको साझेदारी गर्दै उत्कृष्ट सुरुआत गरेका थिए। आसिफले २७ रन बनाए। उनले २६ बलमा दुई चौका र एक छक्कासहित २७ रन बनाएका हुन्। सिङ्गापुरका लागि अनन्त कृष्ण र अक्षय पुरीले समान एक/एक विकेट लिए।

त्यसअघि टस जितेर पहिले ब्याटिङ रोजेको सिङ्गापुरले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १४५ रनको योगफल बनाएको थियो। सिङ्गापुरका लागि युवा ओपनर रोहन रङ्गराजनले सर्वाधिक ४६ रनको योगदान दिए। उनले ३० बलमा नौ चौका र एक छक्कासहित ४६ रन बनाएका हुन्।

त्यस्तै, आर्यवीर चौधरीले ३७ रन बनाए। उनले २६ बलमा पाँच चौकासहित ३७ रन बनाएका हुन्। मनप्रीत सिंहले २४ तथा अक्षय पुरीले १३ रन जोडे। नेपालका लागि अविनाश बोहोराले तीन विकेट लिए भने सन्दीप लामिछाने, गुल्सन झा र करण केसीले समान दुई/दुई विकेट लिए।

नेपालको दोस्रोपटक टी–२० विश्वकपमा छनोट हुने लक्ष्य रहेको छ। यसअघि नेपालले सन् २०१४ मा बङ्गलादेशमा टी–२० विश्वकप खेलेको थियो। अब नेपालले आफ्नो दोस्रो खेल भोलि मलेशियासँग खेल्नेछ। विभिन्न आठ टोली सहभागी उक्त प्रतियोगितामा शीर्ष दुई स्थान हासिल गर्ने टोलीले आगामी सन् २०२४ मा अमेरिका र वेस्टइन्डिजमा संयुक्तरूपमा आयोजना हुने टी–२० विश्वकप खेल्न पाउनेछन्।

विश्वकपको एशिया छनोट अन्तर्गत समूह 'ए'मा आयोजक नेपालसहित मलेशिया, सिङ्गापुर र ओमान छन्। त्यस्तै, समूह 'बी'मा युएई, हङकङ, बहराइन र कुवेत छन्।


National Healthcare

**!!OPPORTUNITY!!**

**National Healthcare Pvt. Ltd.,** one of the leading Pharmaceutical Company in Nepal, invites applications from qualified candidates for the following position:-

Job Location: Chhatapipra,Bara, Nepal

**Production Manager: 1**

- Qualification: M. Pharm with NPC registered
- Experience: At least 3 years in relevant area as Assistant Manager or Sr. Executive

Interested & eligible candidates are requested to forward their updated resume & cover letter to **hrdnhc@gmail.com** within one week.